जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com






वर्ष २७ • अंक २६४ • २०८२ साल फाल्गुन ९ गते शनिबार (21 February, Saturday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५/-


## आचारसंहिता विपरीतका सामग्रीहरु हटाएको दाबी

**टुडे समाचारदाता**

जनकपुरधाम । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन नजिकिँदै जाँदा चुनावी प्रचारप्रसार तीव्र पारेको छ ।

मधेश प्रदेशको राजधानी जनकपुरधाममै नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी नेपाली कांग्रेसलगायतका राजनीतिक दलका उम्मेदवारले आचारसंहिता विपरीत यत्रतत्र चुनावी प्रचारप्रसार टाँसिएका छन् ।

स्थानीय प्रशासनले आचारसंहिता विपरीतका करिब २० हजार प्रचार सामग्री स्थानीय प्रशासनले हटाएको जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय धनुषाले जनकपुरधाम नगर क्षेत्रभित्र विभिन्न उम्मेदवारले जथाभावी टाँसेका पर्चा, पम्पलेट, ब्यानर र पोस्टर हटाएको जनाएको छ ।

स्थानीय प्रशासनले जनाए अनुसार सार्वजनिक स्थल, विद्युतका पोल, सरकारी भवन तथा सडक छेउछाउमा आचारसंहिता विपरीत टाँसिएका सामग्री हटाइएको छ । निर्वाचन आचारसंहिता पालना गराउनका लागि प्रशासनले उम्मेदवार तथा राजनीतिक दललाई एक दिनको समय दिएर नियमविपरीतका प्रचार सामग्री स्वयं हटाउन निर्देशन दिएको थियो ।

तर तोकिएको समयावधिमा पनि उम्मेदवारहरुले सामग्री नहटाइएपछि प्रशासन आफैं खटेर शुक्रबार करिब २० हजार प्रचार सामग्री हटाएको जनाएको छ ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेलले जनकपुरधामका विभिन्न स्थानमा जथाभावी टाँसिएका प्रचार सामग्रीले शहरको सौन्दर्यमा असर परेको र निर्वाचन आचारसंहिता उल्लंघन भएको भन्दै कारबाहीस्वरूप हटाइएको जानकारी दिए ।

पछिल्ला दिनमा उम्मेदवार हरूले प्रचारप्रसारलाई तीव्र बनाउने क्रममा धनुषाका विभिन्न स्थानमा पर्चा, पम्पलेट, तुल व्यानरसहितका झण्डाहरुसमेत अत्यधिक मात्रामा प्रयोग गरिएको पाइएको थियो ।

विशेष गरी मुख्य बजार क्षेत्र, चोक, सार्वजनिक भित्ताहरू र सरकारी संरचनामा आचारसंहिता विपरीत सामग्री टाँसिएको भेटिएको थियो ।

निर्वाचन व्यवस्थापनलाई व्यवस्थित बनाउन र शहरलाई सफा राख्न प्रशासनले निगरानी बढाएको जनाएको छ । निर्वाचन नजिकिँदै जाँदा दल र उम्मेदवारहरू मतदाता भेटघाट, घरदैलो तथा सभामार्फत प्रचारमा सक्रिय भएका छन् । तर, प्रचारप्रसार गर्दा आचारसंहिताको पालना गर्न प्रशासनले पुनः आग्रह गरेको छ ।

प्रशासनले अबदेखि नियमविपरीत सामग्री टाँसिए तत्काल हटाइने र सम्बन्धित उम्मेदवार तथा दललाई आवश्यक कारबाही गरिने चेतावनी दिएको छ ।

### दुई समुदायबीच तनाव साम्य

# झडपमा १५ जना घाइते, ६ बुँदे सहमति

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गौर नगरपालिका-६ स्थित सवगढामा भएको दुई समुदायबीचको झडप साम्य भएको छ । जिल्ला प्रशासन कार्यालय रौतहटको पहलमा दुवै समुदाय पक्षबीच ६ बुँदे सहमति भएपछि साम्य भएको छ ।

रौतहटका जिल्ला प्रमुख अधिकारी दिनेश सागर भुसालको पहलमा भएको वार्तामा सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको जनाइएको छ ।

दुई पक्षबीचमा भएको सहमतिमा सामाजिक सद्भाव कायम गर्ने, आपसी संयमता अपनाउने र आउँदो २१ गते हुने निर्वाचनमा सबैको सहभागिता सुनिश्चित गर्नेलगायत ६ बुँदे प्रतिबद्धतासहितको सहमति भएको प्रमुख जिल्ला अधिकारी भुसालले जानकारी दिए ।

यसअघि रौतहटको गौर नगरपालिका-६ स्थित सवगढामा विवाहको जन्ती बाजा बजाउँदै जाँदा फरक समुदायबाट अवरोध खडा भइ ढुंगा हानाहान हुँदा दर्जनौं सर्वसाधारण घाइते भएका थिए ।

स्थानीय सत्य नारायण साहकी छोरीको विवाहको जन्ती बौधिमाई नगरपालिका-९ स्थित सरमुजवाबाट सवगढातर्फ आउँदै गर्दा मस्जिद अगाडि बाजा बजाएको विषयलाई लिएर मुस्लिम पक्ष र जन्ती पक्षबीच विवाद उत्पन्न भएको थियो । विवाद चर्किँदै जाँदा दुवै पक्षबीच ढुंगा हानाहान भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।



गएरातिको झडपमा ६ जना घाइते भएका थिए । घाइतेलाई उपचारका लागि प्रादेशिक अस्पताल गौर पठाइएको र सबैको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ । घटनास्थलमा जिल्ला प्रहरी तथा सशस्त्र प्रहरीको टोली खटिएर स्थिति नियन्त्रणमा लिएको थियो ।

यही विषयलाई लिएर शुक्रबार सयौं सर्वसाधारणको भीड जम्मा भइ पुनः झडप शुरु भएको थियो । दुवै पक्षबीच ढुंगा हानाहान भइरहेको छ । घटनापछि उक्त क्षेत्रमा बाक्लो सुरक्षाकर्मीको परिचालन गरिएको छ । स्थिति नियन्त्रण बाहिर जान थालेपछि नेपाल प्रहरीका एसपी सीताराम रिजाल र सशस्त्र प्रहरीका एसपी रामहरी अधिकारीको कमाण्डमा सुरक्षाकर्मी परिचालन गरिएको थियो । स्थिति नियन्त्रणका लागि १२ राउण्ड हवाई फायर र ४० राउण्ड अश्रुग्यास प्रहार गरिएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी विष्णुप्रदीप वस्यालले बताए ।

सो क्रममा स्थानीयसंगै दुई जना प्रहरीसमेत घाइते भएका छन् । घाइते सबैको अवस्था सामान्य रहेको र उपचारपछि केहीलाई डिस्चार्ज गरिएको प्रहरीले जनाएको छ । यस अघि पनि रौतहटसहित मधेश प्रदेशको विभिन्न जिल्लामा प्रत्येक वर्ष दुई समुदायबीच विभिन्न बहानामा निहुँ खोजेर झगडा हुने गरेको देखिन्छ ।

विजया दशमी, छठ पर्व, विवाहसहितका उत्सवको क्रममा हुने गरेको उग्र प्रदर्शनको नाममा विवाद उत्पन्न गरी झडप हुँदै आएको पाइएको छ ।

रौतहट, महोत्तरी, धनुषासहितका जिल्लामा प्रत्येक वर्ष धार्मिक उत्सवदेखि वैवाहिक कार्यक्रमसम्ममा दुई समुदायबीच झडप हुनुले समाजमा नकारात्मक सन्देश फैलिरहेकाले दीर्घकालीन रुपमा समाधान खोज्नका लागि धार्मिक सद्भाव र सौहार्द्रपूर्ण वातावरणका लागि पहलकदमी लिनुपर्ने आवश्यकता रहेको मानवअधिकारकर्मीहरु बताउँछन् ।

यसै वर्षमा रौतहटमा मात्रै करिब तीन पटक दुई समुदायबीचमा उग्र विवाद हुँदा झडप भइसकेको छ । स्थानीय प्रशासनले हरेक पटक सहमति गरे पनि फेरि अर्को पटक झडप हुँदा सहमति गर्नुपर्ने अवस्था आउने गर्छ । त्यसैले दीर्घकालीन रुपमा समाजमा दुई समुदायबीच पटकपटक हुने गरेको विवाद र झडपलाई निर्मूल पार्नका लागि ठोस योजना ल्याउनुपर्ने मानवअधिकारकर्मी वीरेन्द्र कर्णले बताए ।

केही महिना अघि मात्रै धनुषाको जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २० स्थित देवपुरा- रुपैठामा गणेश पूजाको मूर्ति विसर्जनलाई लिएर हिन्दू- मुस्लिम समुदायबीच झडप भएको थियो ।

मूर्ति विसर्जनको लागि मुस्लिम बस्तीबाट लैजाने क्रममा दुई समुदायबीच विवाद उत्पन्न हुँदा दुवै पक्षबीच ढुंगामुढासँगै झडप भएको थियो ।

त्यतिबेला उक्त झडप नियन्त्रणमा लिनका लागि धनुषा प्रहरीले चार सेल अश्रुग्यास प्रहार गरेको थियो ।

केही दिनसम्म सो क्षेत्रको अवस्था निकै तनावपूर्ण रहेको थियो । त्यसको केही दिन पछि मात्रै दुबै पक्षबीच सहमति कायम गरी अवस्थालाई नियन्त्रणमा लिएको थियो ।

## साख जोगाउनमै यादव र राउतलाई सास्ती

**टुडे समाचारदाता**

राजविराज । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन नजिकिँदै गर्दा सप्तरीको चारवटै निर्वाचन क्षेत्रका उम्मेदवारले घरदैलोलाई तीव्रता दिएका छन् । सप्तरी जिल्लाबाट दुई पार्टीका राष्ट्रिय अध्यक्ष पनि चुनावी मैदानमा छन् । जसपा नेपालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव सप्तरी- ३ र जनमत पार्टीका राष्ट्रिय अध्यक्ष सीके राउत सप्तरी- २ बाट चुनावी मैदानमा उत्रिएका छन् । राजनीतिक दल र स्वतन्त्र उम्मेदवारहरू अहिले मतदातासंग भेटघाट गर्ने, समस्या सुन्ने र आश्वासन बाँड्दै मतदाताको मन जित्न घरदैलोमा दौडधुपमा व्यस्त छन् । जेन- जी आन्दोलनपछि मधेश प्रदेशमा दल र अवसर नपाएका उम्मेदवारहरुको चर्चा हुँदै गर्दा सप्तरीमा भने मधेश केन्द्रित दलकै वर्चस्व देखिएको छ । नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी(नेकपा) र जनता समाजवादी पार्टी नेपाल नै मुख्य प्रतिस्पर्धामा देखिएका छन् ।

सप्तरीको चारैवटा निर्वाचन क्षेत्रबाट १०२ जनाको उम्मेदवारी कायम रहेको निर्वाचन कार्यालय सप्तरीले जनाएको छ । चार लाख ४६ हजार ४०२ मतदाता रहेको सप्तरीमा पुरुष मतदाता दुई लाख ३३ हजार ९६, महिला मतदाता दुई लाख १३ हजार २८३ तथा अन्य २३ जना छन् । चारवटै निर्वाचन क्षेत्रमा २९६ मतदानस्थल र ५६२ मतदान केन्द्र तोकिएको छ ।

सप्तरी निर्वाचन क्षेत्र नम्बर २ मा एक लाख पाँच हजार ९२२ मतदाता रहेका छन् । यस क्षेत्रमा २० प्रत्यक्ष र १४ स्वतन्त्र गरी ३४ जना उम्मेदवारले उम्मेदवारी दिएका छन् । सप्तरी- २ मा जित नदोहोरिने चुनावी इतिहास रहिआएको छ । ०५१ यता यस क्षेत्रमा कसैले पनि दोहोऱ्याएर चुनाव जितेका छैनन् । जनमत पार्टीका अध्यक्ष डा. सीके राउत, जसपा नेपालका उमेश यादव र रास्वपाका रामजी यादवबीच कडा प्रतिस्पर्धामा हुने सम्भावना देखिन्छ ।

तत्कालीन नेकपा माओवादीबाट ०७० मा संविधानसभा चुनाव जितेर सिचाइँमन्त्रीसमेत भइसकेका उमेश यादव यस क्षेत्रबाट लगातार पाँचौंपटक चुनाव लड्दै छन् । ०६४ यता दुई संविधानसभा, ०७४ को प्रतिनिधिसभा र ०७९ को प्रदेश सभा चुनावसहित उनी पटक-पटक मैदानमा उत्रिए पनि दोस्रो संविधानसभाबाहेकका अन्य चुनाव जित्न सकेका छैनन् । रास्वपाका रामजी यादव भने पहिलोपटक चुनावी मैदानमा छन् ।

गत निर्वाचनमा जसपा नेपालका उपेन्द्र यादवलाई पराजित गर्दै विजयी भएका जनमतका अध्यक्ष सीके राउत यसपटक पनि उम्मेदवार बनेका छन् । उनलाई आफ्नै सहकर्मीहरुले चुनौती दिएका छन् । ०७९ मा सप्तरी २ (१) प्रदेश सभा जितेर मुख्यमन्त्री बनेका सतीशकुमार सिंह अहिले स्वाभिमान पार्टीबाट मैदानमा छन् । पूर्वमुख्यमन्त्री सिंह तिलाठी कोइलाडी गाउँपालिकाका पूर्वअध्यक्ष पनि हुन् । डा. राउतका पूर्वनिकट सहयोगी तथा जनमत पार्टीका पूर्व राष्ट्रिय प्रवक्ता शरदसिंह यादवले जनअधिकार पार्टीबाट उम्मेदवारी दिएका छन् । जनमत पार्टीकै मुस्लिम अनुहार मानिने अनिश अन्सारी राष्ट्रिय मुक्ति पार्टीबाट प्रतिस्पर्धामा छन् ।



त्यस्तै सप्तरी- ३ मा २२ जनाले उम्मेदवारी दिएका छन् । ७४ मतदानस्थल र १४४ मतदान केन्द्र रहेको यस क्षेत्रमा कुल मतदाता संख्या एक लाख ११ हजार ८७१ छ । रूपनी, विष्णुपुर र राजगढ गाउँपालिका तथा शम्भुनाथ र डाक्नेश्वरी नगरपालिका गरी सप्तरीका पाँच स्थानीय तह यस क्षेत्रमा समेटिएको छ । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवको प्रवेशसँगै यस क्षेत्रका 'हाई प्रोफाइल' बन्न पुगेको छ । जसपा नेपालका नेता-कार्यकर्ताको दबाबका कारण उनी यस क्षेत्रबाट उम्मेदवार बनेका हुन् । यस क्षेत्रमा जसपा नेपालका उपेन्द्र यादव, कांग्रेसका दिनेशकुमार यादव र एमालेका ताराकान्त चौधरीबीच कडा प्रतिस्पर्धा हुने सम्भावना बढी छ ।

दोस्रो संविधानसभा निर्वाचनमा एमालेका ताराकान्त चौधरी, ०७४ मा तत्कालीन राजपाका चन्द्रकान्त चौधरी (दुवै दाजु-भाइ) यस क्षेत्रबाट निर्वाचित भएका थिए । थारू र मुस्लिम मतदातामा उनीहरूको परम्परागत पकड छ । चन्द्रकान्तका छोरा अमरकान्त चौधरी रास्वपाबाट उमेदवार बनेका छन् । यहाँ काका-भतिजा नै चुनावी मैदानमा छन् । ०७९ को निर्वाचनमा कांग्रेसका दिनेशकुमार यादव २६ हजार १६६ मतसहित विजयी भएका थिए । पहिलो संविधानसभा निर्वाचनदेखि निरन्तर यही क्षेत्रबाट उम्मेदवार हुँदैआएका उनी यसपटक बिरासत जोगाउन मैदानमा छन् ।



विशेष महाधिवेशनबाट बदलिएको कांग्रेस यसपटक सप्तरीमा चारवटै क्षेत्र जित्ने गरी रणनीतिसहित अघि बढेको नेपाली कांग्रेस सप्तरीका सचिव सनत कुमार मण्डलले बताए । सप्तरीको सबै क्षेत्र जित्ने दाबी उनले गरे । जिल्लामा वडावडामा समिति गठन गरेर चुनावी प्रचारप्रसारमा होमिएका छौं । पछिल्लो समय कांग्रेसको पक्षमा जबर्जस्त माहोल बनेको उनले बताए ।

त्यस्तै जसपा नेपाल सप्तरीका सचिव निरज मुक्तिले चारवटै क्षेत्रमा चुनाव जित्ने गरी प्रचारप्रसार अघि बढेकाले योजना अनुसार अघि बढेको बताए ।

नेकपा सप्तरीका इन्चार्ज अमर मण्डलले चारवटै क्षेत्रमा चुनाव प्रचारप्रसार अगाडि बढाएका बताए । उनका अनुसार सबै उम्मेदवार घरघरमा गएर भेटघाट गरिरहेका छन् । मतदाताको समस्या सुनिरहेका छन्, थप रणनीति बनाएको उनको भनाइ छ । उनले विगतको भन्दा यसपटक नेकपाको पक्षमा माहोल बढेको बताए ।




# विमानस्थलबाट १३ लाखका मोबाइल, ल्यापटपसहित एक जना पक्राउ

काठमाण्डु । प्रहरीले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट रु १३ लाख ८० हजारका मोबाइल, ल्यापटपसहित एक जनालाई पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा सर्लाही लालबन्दी नगरपालिका-१ बस्ने ३४ वर्षीय सञ्जीव खड्का रहेका त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक राजकुमार सिलवालले जानकारी दिनुभयो ।उहाँले भन्नुभयो, "त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको गोल्डेन गेट बाहिरपट्टि शङ्कास्पद रूपमा हिँडिरहेको अवस्थामा निगरानी गर्दै जाँदा निजले बाह्य मुलुकबाट नेपाल आगमन भएका यात्रुहरूलाई भन्सार छली गर्न लगाई विद्युतीय सामग्री अवैध रूपमा सङ्कलन गरी लैजान लागेको अवस्थामा पक्राउ गरिएको हो ।"

आइफोन १७ प्रोम्याक्स २५६ जिबीका चार थानका रु आठ लाख बराबर, एमफोर म्याकबुक ऐर २५६ जिबीका रु दुई लाख ६० हजार बराबर र एमफोर म्याकबुक ऐर ५१२ जिबीका रु तीन लाख २० हजार बराबरका विद्युतीय सामग्री अवैध रूपमा सङ्कलन गरी लैजान लागेको अवस्थामा पक्राउ गरिएको प्रवक्ता सिलवालले बताउनुभयो ।

**अमेरिका पठाउने भन्दै रकम ठगी गर्ने एक जना पक्राउ**

प्रहरीले वैदेशिक रोजगारीका लागि अमेरिका लैजाने भन्दै रकम गठी गर्ने एक जनालाई आज पक्राउ गरी सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा झापा अर्जुनधारा नगरपालिका-११ घर भई हाल ललितपुर महालक्ष्मी नगरपालिका-४ बस्ने ३८ वर्षीया चन्द्रकला सापकोटा दाहाल रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता रामेश्वर कार्कीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "पक्राउ परेका निजले अमेरिका लैजाने भन्दै एक जनाबाट रु छ लाख ३० हजार रकम लिई सम्पर्कविहीन भएको उजुरीका आधारमा आज पक्राउ गरिएको हो ।" निजलाई शुक्रबार ललितपुर महालक्ष्मी नगरपालिका-४ बाट पक्राउ गरी थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौँ पठाइएको प्रवक्ता कार्कीले बताउनुभयो ।

**विमानस्थलबाट ११ किलोभन्दा बढी अवैध लागूऔषध गाजासहित तीन भारतीय पक्राउ**

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको आगमन टनेल गेटबाट शुक्रबार करिब ११ किलोग्राम २७० ग्राम अवैध लागूऔषध गाँजासहित तीन जना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा ४३ वर्षीया समीना अख्तर बैग मिर्जा, २४ वर्षीय मोहम्मद जुनैद तथा ४४ वर्षीय अफसाना अमीर हुसेन शेख रहेका केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले जानकारी दिनुभयो ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय र लागूऔषध नियन्त्रण ब्यूरोबाट खटिएको प्रहरीले मोहम्मद जुनैद र समीना अख्तर बेग मिर्जालाई करिब तीन किलो ८७० ग्राम र अफसानालाई करिब सात किलो ४०० ग्राम उक्त लागूऔषधसहित आज पक्राउ गरेको उहाँले बताउनुभयो ।पक्राउ परेका तीनै जनालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि आजै लागूऔषध नियन्त्रण ब्यूरो पठाइएको प्रवक्ता काफ्लेले बताउनुभयो ।

**चोरीको मोटरसाइकलको पार्टपुर्जा अन्य मोटरसाइकलमा जडान गर्ने तीन जना पक्राउ**

प्रहरीले चोरीको मोटरसाइकलको पार्टपुर्जा निकाली बिक्री तथा अन्य मोटरसाइकलमा जडान गर्ने तीन जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।


पक्राउ पर्नेमा मोरङ कानेपोखरी गाउँपालिका-६ घर भई काठमाडौँ बूढानीलकण्ठ नगरपालिका-७ हात्तीगौडा बस्ने ३१ वर्षीय लक्ष्मण विश्वकर्मा, अर्घाखाँची, शीतगङ्गा गाउँपालिका-२ घर भई बूढानीलकण्ठ नगरपालिका-६ हात्तीगौडा बस्ने २८ वर्षीय नरबहादुर चित्रे तथा बूढानीलकण्ठ नगरपालिका-७ हात्तीगौडा बस्ने ३८ वर्षीय करण खड्गी रहेका जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिनुभयो ।

बूढानीलकण्ठ नगरपालिका-७ हात्तीगौडास्थित तथा काठमाडौँ महानगरपालिका-२२ सङ्कटा मन्दिरस्थित पार्किङ गरी राखेको बा प्र ०२-०१६ प ६१४३ नम्बरको मोटरसाइकल चोरी गरी पाटपुर्जासमेत निकाली बिक्री वितरण तथा अन्य मोटरसाइकलहरूमा जडान गरिएको भन्ने सूचनाका आधारमा प्रहरी प्रभाग बूढानीलकण्ठबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको हो ।

पक्राउ परेकाहरु माथि थप आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।यसैगरी, वैदेशिक रोजगारीका लागि अमेरिका लैजाने भन्दै रकम गठी गर्ने एक जनालाई शुक्रबार पक्राउ गरी सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा झापा अर्जुनधारा नगरपालिका-११ घर भई हाल ललितपुर महालक्ष्मी नगरपालिका-४ बस्ने ३८ वर्षीया चन्द्रकला सापकोटा दाहाल रहेकी काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिनुभयो। निज दाहालले अमेरिका लैजाने भन्दै एक जनाबाट रु छ लाख ३० हजार रकम लिई सम्पर्कविहीन भएको उजुरीका आधारमा शुक्रबार पक्राउ गरिएको हो ।निजलाई शुक्रबार ललितपुर महालक्ष्मी नगरपालिका-४ बाट पक्राउ गरी थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौँ पठाइएको प्रवक्ता कार्कीले जानकारी दिनुभयो। रासस

# छठ रोक्ने व्यक्ति मधेसी कसरी भयो : साह



**टुडे समाचारदाता**

रौतहट । आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा रौतहट-३ का उम्मेदवार प्रभु साहले काठमाडौं महानगरका मेयर बालेन शाहको मधेसी पहिचानमाथि प्रश्न उठाएका छन् ।

कटहरिया नगरपालिका-विर्ति प्रस्टोकामा आयोजित चुनावी सभा तथा भेटघाट कार्यक्रममा साहले भने 'मधेसी समुदायका प्रमुख पर्व–छठ, दुर्गा पूजा र बोलबम–काठमाडौंमा मनाउन अवरोध गर्ने व्यक्ति कसरी मधेशी भयो ।'

साहले थपे, "मधेसी समुदायले काठमाडौंमा छठ, दुर्गा पूजा र बोलबम मनाउँदा बालेन कहिल्यै सहभागी देखिएनन् । ब्रह्मबाबाको मन्दिर स्थापना गरेर पूजा गर्ने हाम्रो आवाज हो। साँच्चै मधेसी थियो भने यस्ता धार्मिक-सांस्कृतिक कार्यक्रममा सहभागिता किन देखिएन ?"

एक समय मधेसी समुदायका व्यक्ति काठमाडौंको मेयर बनेकामा खुशी लागेको स्मरण गर्दै उनले भने, "तर आफ्नै समुदायका चाडपर्व रोक्ने, मधेसीलाई काठमाडौंबाट लखेट्ने जस्तो व्यवहार देखिँदा दुःख लाग्यो।" छठ मनाउन नदिने, कबाड व्यवसायी हटाउने, सुकुम्बासी बस्तीमा डोजर चलाउने र गरिब व्यापारीलाई विस्थापित गर्ने कामलाई उनले मधेसी पहिचानसँग असंगत बताए ।

कार्यक्रममा साहले वैदेशिक रोजगारी ठगीको मुद्दामा पनि प्रश्न उठाए । "हामी महिनौँसम्म विभाग घेराउ गरेर आवाज उठायौँ," उनले भने, "त्यतिबेला उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछाने थिए र श्रम मन्त्रालय पनि उहाँकै दलसँग थियो। तर किन मौनता?" यसै आधारमा उनले राष्ट्रिय स्वतन्त्र पार्टी नयाँ नभई पुरानै राजनीतिक चरित्र बोकेको निष्कर्ष निकाले।

उक्त अवसरमा नेपाल कम्युनिष्ट पार्टीका नेता तथा कटहरिया नगरपालिकाका उपाध्यक्ष दुर्गा साह रौनियारसहित दर्जनौँ नेता-कार्यकर्ता आजपामा प्रवेश गरेका छन् । नवप्रवेशीहरूलाई अध्यक्ष साहले स्वागत गर्दै पार्टीको संगठन विस्तार र मधेसी अधिकारको एजेन्डा अझ सशक्त बनाउने प्रतिबद्धता जनाए ।

# अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरुमा सुधार



**टुडे समाचारदाता**

जनकपुरधाम । अतिरिक्त क्रियाकलापले विद्यार्थी पढाईको गुणस्तरीयतासँगै दैनिक व्यवहार निकै सकारात्मक परिवर्तन आएको अभिभावकहरुले बताएका छन् ।

सामुदायिक सुधार केन्द्र (सीआईसी) द्वारा आयोजित सामाजिक लेखा परीक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रममा अभिभावकहरुले यस्तो बताएका हुन । सीआईसीद्वारा ती विद्यालयमा संचालित खानेपानी, सरसपफाई तथा स्वच्छता व्यवस्थापन कार्यक्रम अन्तर्गत अतिरिक्त क्रियाकलाप समेत गराउँदै आएको छ ।

वर्ल्ड शेयरको आर्थिक सहयोगमा संचालित दुई वर्षे परियोजना अन्तर्गत ती विद्यालयमा अतिरिक्त क्रियाकलापका साथै नर्सिंग व्यवस्थापन, छात्राहरुमा हुने महिनाबारी समस्या बारे सचेतना तथा शारिरीक हेरचार बारे गराउँदै आएको छ ।

खासगरी परियोजना अन्तर्गत स्वच्छ खानेपानीका व्यवस्थापन, आधुनिक शौचालयको पुनर्निमाण र बहुउद्देश्य कोठा रिमोडलिंसहित पुनर्निमाण लगायतका कामहरु ती दुवै विद्यालयमा सिआईसीले गरेको छ ।

कार्यक्रमका प्रमुख अतिथिद्वय वडा नम्बर ९ का अध्यक्ष परमेश्वर साह र वडा नम्बर २५ का अध्यक्ष चन्देश्वर साहले सीआईसीद्वारा संचालित कार्यक्रमले विद्यालयको व्यवस्थापन, गुणस्तरीयता र विद्यार्थीहरुको आचारव्यवहार सकारात्मक परिवर्तन आएकाले अन्य विद्यालयहरुमा समेत यस्ता कार्यक्रमहरु संचालन हुनुपर्ने धारणा राखेका थिए ।

सीआइसीका अध्यक्ष सुविता यादवको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिका सामाजिक शाखाका सुनिल झा, कण्टिर झा माध्यमिक विद्यालयका रामभद्र झा, जानकी माध्यमिक विद्यालयका प्रधानाध्यापक जगदीश साह लगायतका अभिभावक तथा सीआइसीका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

# मन्त्री श्रेष्ठद्वारा महिला केन्द्रीत लगानीमा जोड



काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री श्रद्धा श्रेष्ठले जलवायु सहनशील वित्त पोषणले सडक भवनमै सीमित नगरी महिलाद्वारा सञ्चालित उद्यम, लैङ्गिक संवेदनशील पूर्वाधार र सामुदायिक संरक्षणमा लगानी गर्न आग्रह गर्नुभएको छ ।

यहाँ शुक्रबार नेपाल पर्यटन बोर्ड र परिसूचक मिडियाद्वारा आयोजित 'नेपाल पर्यटन गोष्ठी, २०८२' मन्त्री श्रेष्ठले जलवायु परिवर्तनले पर्यटनमा प्रत्यक्ष असर पार्दा सबैभन्दा बढी मार महिलामाथि परेको भन्दै महिला केन्द्रीत लगानीमा जोड दिनुभएको हो । गोष्ठीमा 'जलवायु, समुदाय र महिलाः जलवायु सहनशील तथा समावेशी पर्यटनका लागि वित्त पोषण अपरिहार्य' विषयक सामूहिक छलफलमा सहभागी हुँदै उहाँले पर्यटनबाट प्राप्त आम्दानीलाई सामूहिक सहनशीलतासँग जोड्दै संरक्षणकर्तालाई प्रत्यक्ष लाभ सुनिश्चित गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

"वित्त पोषण भनेको केवल सडक र भवन निर्माण मात्र होइन, विशेष गरी महिलामा लगानी हुनुपर्छ," मन्त्री श्रेष्ठले भन्नुभयो, "महिलाद्वारा सञ्चालित उद्यममा सहज पहुँचयोग्य जलवायु कोष, सहकार्य सुदृढीकरण, पानी तथा नवीकरणीय ऊर्जा जस्ता लैङ्गिक संवेदनशील पूर्वाधारमा लगानी र वन पदमार्ग, पानी स्रोत तथा सांस्कृतिक सम्पदा संरक्षणमा महिलाले गरेको योगदानको मान्यता आवश्यक छ ।"

मन्त्री श्रेष्ठले हिमताल विस्फोट, अनियमित हिमपात, पहिरोका कारण ट्रेकिङ पदमार्ग अवरुद्ध हुनु, पर्यटकीय क्षेत्रमा पानीको अभाव, जैविक विविधता क्षय र सम्पदामा क्षति जस्ता घटनाले पर्यटनलाई बढ्दो रूपमा प्रभावित गरिरहेकोबारे चिन्ता व्यक्त गर्नुभयो । मन्त्री श्रेष्ठले धेरै पर्यटन निर्भर समुदायमा महिला औपचारिक र मौसमी आम्दानीमा निर्भर रहेको उल्लेख गर्दै होमस्टे सञ्चालन, स्थानीय उत्पादन बिक्री, होटल तथा जल क्षेत्रमा काम र सांस्कृतिक सेवा प्रदानमार्फत जीविकोपार्जन गर्दै आएको बताउनुभयो।

"जब पर्यटन घट्छ, त्यसको बढी असर महिलामा पर्छ," मन्त्री श्रेष्ठले भन्नुभयो, "जलवायु परिवर्तनले पर्यटनमा असर गर्दा यिनै आयस्रोतमा निर्भर महिलामुखी परिवार विशेष रूपमा प्रभावित हुन्छन् ।रासस

# रास्वपाको शक्ति प्रदर्शन



**टुडे समाचारदाता**

वीरगञ्ज । देशभर फैलिँदै गएको परिवर्तनको बहससँगै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रति जनआकर्षण बढदै गएको बेला पर्सा क्षेत्र नम्बर १ को चुनावी माहौल पनि तरंगित हुँदै गएको छ ।

विशेषगरी सुखचैनामा आयोजित पार्टी प्रवेश कार्यक्रमले रास्वपाको संगठनात्मक उपस्थिति मात्र होइन, जनसमर्थनको आधार पनि फराकिलो बन्दै गएको संकेत दिएको छ ।

शुक्रवार सम्पन्न कार्यक्रममा विभिन्न पेशा, व्यवसाय तथा सामाजिक क्षेत्रमा आबद्ध बढी संख्यामा रास्वपामा औपचारिक रूपमा प्रवेश गरेको हो । स्थानीय स्तरमा प्रभाव राख्ने व्यक्तिहरूको सहभागिताले कार्यक्रम उत्साहपूर्ण बनेको थियो ।

कार्यक्रममा नवप्रवेशीहरूलाई स्वागत गर्दै रास्वपा जिल्ला सभापति तथा पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधि सभा उम्मेदवार हरि पन्तले सुखचैनाबाट सुरु भएको समर्थनको लहरले समग्र क्षेत्रको राजनीतिक समीकरण परिवर्तन गर्ने दाबी गरे ।

उनले थपे, "रास्वपा कुनै व्यक्तिवादी राजनीति होइन, नीति र प्रणाली सुधारको अभियान हो। शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधार विकासमा स्पष्ट कार्ययोजना लिएर हामी जनतामाझ आएका छौं ।" हरि पन्तले पार्टी प्रवेश गर्नेहरूलाई केवल सदस्यका रूपमा नभई परिवर्तनका सक्रिय अभियन्ताका रूपमा अघि बढ्न आग्रह गरे ।

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आफन्तका बीचमा खटपट, चिन्ता र शंका उब्जने छ । |
| वृष : | प्रतिस्पर्धाले पुरुषार्थी काम गर्ने हिम्मत प्रदान गर्नेछ । |
| मिथुन : | राम्रैफाइदाकोयोगछ।विगतकोश्रमबाट प्रशस्ध धन लाभ हुनेछ । |
| कर्कट : | विशेष समारोहबीच प्रतिष्ठा, मान-सम्मान आदि पाइने छ । |
| सिंह : | फाइदाका पछि लाग्दा साथीभाइसंग असमझदारी बढ्न सक्छ । |
| कन्या : | साझेदारी र सट्टापट्टामा विशेष लाभ मिल्नेछ । |
| तुला : | पढाइलेखाइमा समय दिन सकिंदैन । |
| वृश्चिक : | रोकिएका काम समेत सम्पादन हुनेछन्। |
| धनु : | श्रम र प्रयत्नको उचित मूल्य प्राप्त हुनेछ । |
| मकर : | व्यवसायका लागि यात्राको सम्भावना पनि छ । |
| कुम्भः | अधिकारका लागि केही संघर्ष पनि हुन सक्छ । |
| मीन : | बोलीकै भरमा विशेष काम सम्पादन हुन सक्छ, क्रियाशील रहनुहोला । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# दाहालद्वारा निर्माणाधीन संघीय संसद् भवन निरीक्षण

काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले सिंहदरबारस्थित निर्माणाधीन सङ्घीय संसद् भवनको शुक्रबार निरीक्षण गर्नुभएको छ । निरीक्षणका क्रममा उहाँले आगामी सङ्घीय संसद्को अधिवेशन यही भवनबाट चल्नुपर्ने भएकाले पछिल्लो समय काममा देखिएको प्रगतिले आशावादी तुल्याएको प्रतिक्रिया दिनुभयो ।

अध्यक्ष दाहालले भन्नुभयो, "जुन गतिबाट यो बन्नुपर्छ भन्ने




लागेको थियो, त्यो स्पिड अझै आउन सकेको देखिन्न । तथापि पहल गरिरहेका छौँ, निर्माण व्यसायी लागि रहनुभएको छ, आगामी सदन यसै भवनबाट चल्ने गरी भवन हस्तान्तरण गरिनुपर्छ ।"

सहरी विकासमन्त्री कुमार इङनामले आगामी चैत १ गते कम्तीमा पनि प्रतिनिधिसभा, सेन्टर लबी र चमेना गृह हस्तान्तरण गर्ने हिसाबले प्रतिबद्धताका साथ काम भइरहेको जानकारी दिनुभयो ।उहाँले भन्नुभयो, "आगामी सङ्घीय संसद्को बैठक नयाँ भवनबाटै चल्ने व्यवस्थाका लागि प्रतिबद्धताका साथ काम अघि बढाइएको छ, त्यसका लागि भवन निर्माणमा संलग्न कम्पनीलाई आगामी चैत १ गते प्रतिनिधिसभा, सेन्टर लबी र चमेना गृह हस्तानतरण गर्नुस् भनिएको छ । आशावादी छौँ, अरू विकल्प पनि छैन ।"

भवन निर्माणका लागि दिइएको समय र कामको गति एवं प्रगतिका आधारमा त्यो समयभित्र भवन हस्तान्तरण गर्न अझै थप मेहनत गर्नुपर्ने देखिएको उल्लेख गर्दै मन्त्री इङनामले अहिले भवनको आन्तरिक 'फिनिसिङ'को तथा सभाहलमा जडान गर्नुपर्ने केही उपकरण विदेशबाट ल्याउनुपर्ने जानकारी दिनुभयो ।रासस

## महोत्तरी-१ :
# मतदाता रिझाउन घरदैलोमा उम्मेदवार



महोत्तरी । आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि महोत्तरी-१ का उम्मेदवार अहिले मतदाता रिझाउन घरदैलोमा व्यस्त छन् । यस क्षेत्रमा १२ राजनीतिक दलका र १३ स्वतन्त्रसहित २५ जना उम्मेदवार छन् ।

जताततै चुनावी चर्चा चुलिएको छ । चिया पसलमा पनि सबै चुनावी लख काट्न व्यस्त देखिन्छन् । दलका कार्यकर्ता र उम्मेदवार बस्तीबस्तीमा झण्डा फहराउँदै गाडी लिएर पुगिरेहका छन्। "भोटै त कति हालियो कति, हाम्रा दुःख जहाँका त्यही छन्", महोत्तरी-१ भङ्गाहा-४ जमुनियाँचोकस्थित चिया पसलमा भेटिनुभएका स्थानीय नन्दा चौधरी थारूले भन्नुभयो, "न खेतबारीमा सिँचाइ, न छोराछोरीलाई रोजगारी, कसलाई दिनु हो भोट ?" सिँचाइ नहुँदा बाला ओइलाउँदै गरेको गहुँको बोट देखाउँदै उहाँले भन्नुभयो, "अब त जसले सिँचाइको प्रबन्ध गर्छ, तिनैलाई भोट दिइन्छ ।"

सोही बस्तीका महिकरण चौधरीले पनि सिँचाइ गाउँलेको पहिलो प्राथमिकता रहेको बताउनुभयो । "जीवन गुजारा धान्ने खेतीपातीले नै हो, तर हामी किसानतिर फर्केर हेर्ने कोही भएनन्", उहाँ भन्नुहुन्छ, "न सिँचाइ, न समयमा बीउमल, न सुलभ ब्याजदरको ऋृणको व्यवस्था ।"

जिल्लाको सम्पूर्ण चुरेक्षेत्र ओगटेको यहाँका वन, पहाडी शृ‌ङ्खला र नदीनालाको संरक्षण र समुचित प्रयोग आम मतदाताको चासोको विषय बनेको छ। "वन मासिँदो छ, पहाडी थुम्का र नदीमा अनियन्त्रित उत्खननले बर्सेनि बाढीबाट कटान, डुबान र पहिरोको समस्या झेलिदै छ", बर्दिबास-९ पशुपतिनगरका सामाजिक कार्यकर्ता अमृतकुमार महतो भन्नुहुन्छ, "यी सम्पदाको संरक्षणको मुद्दामा दलहरूको खासै रुचि देखिँदैन ।" अहिले चुनाव प्रचारमा निस्केका दलका नेता, कार्यकर्ता र उम्मेदवारले जनताका यिनै प्रश्न सामना गरिरहेका छन् ।

यस क्षेत्रमा नेकपा माओवादी केन्द्रका उम्मेदवारले २०६४, २०७० र २०७४ सालमा चुनाव जितेका थिए । पटकपटक मन्त्री बनिसक्नुभएका गिरिराजमणि पोखरेल र नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट अघिल्लो निर्वाचनका विजेता लक्ष्मी महतो कोइरी उम्मेदवार छन् । त्यसैगरी, नेपाली कांग्रेसका डा मुकेश काफ्ले, राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमोदकुमार महतो, जनता समाजवादी पार्टीका योगनारायण महतो र आम जनता पार्टीका मुकेश साह पहिलोपटक प्रतिस्पर्धामा उत्रिएका छन् ।

यहाँको बर्दिबास, गौशाला र भङ्गाहा नगरपालिका प्रतिनिधिसभा क्षेत्र नं १ मा पर्छन् । बर्दिबासका सबै (१४), गौशालाका सबै (१२) र भङ्गाहाका ३, ४, ५ र ९ नम्बर वडासमेत यस क्षेत्रका जम्मा ३० वडामा सानाठूला गरेर १२५ भन्दा बढी टोल बस्ती छन् । यहाँका अधिकांश बस्ती बर्खामा कटानको जोखिम र हिउँद नसकिँदै खानेपानीको हाहाकारमा पर्दै आएका छन् । यहाँका ३० वडामा ५९ मतदानस्थल र १३० मतदान तोकिएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । यस क्षेत्रमा एक लाख पाँच हजार ६४६ मतदाता रहेको जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाले जानकारी दिनुभयो ।रासस

# मधेश प्रदेशमा निर्वाचन पर्यवेक्षणसम्बन्धी प्रशिक्षक प्रशिक्षण सम्पन्न



**टुडे समाचारदाता**

जनकपुरधाम । फागुन २१ गते हुन लागेको निर्वाचनलाई स्वच्छ, निष्पक्ष तथा भयरहित वातावरणमा सम्पन्न गराउने उद्देश्यले निर्वाचन पर्यवेक्षण समिति (नियोक) ले मधेश प्रदेशस्तरीय एकदिने प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ ।

मधेश प्रदेश संयोजक कमल साहको अध्यक्षतामा आयोजित कार्यक्रममा नियोकका केन्द्रीय कोषाध्यक्ष तेजप्रसाद तिमल्सिना र निर्देशक मिन बस्नेतले प्रशिक्षण दिएका थिए । कार्यक्रमको आरम्भमा नियोक धनुषा अध्यक्ष तथा अधिवक्ता रामजकुमार महासेठले स्वागत मन्तव्य व्यक्त गर्दै निर्वाचन आचारसंहिताभित्र रही निष्पक्ष पर्यवेक्षण गर्न सुझाव दिए । मधेश प्रदेशका निवर्तमान संयोजक डा. रामचरित साहले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा अध्यक्ष कमल साहले प्रशिक्षित संयोजक तथा जेएनजीहरूलाई प्राप्त तालिमलाई अक्षरसः पालन गर्दै जिम्मेवारीपूर्वक प्रशिक्षण दिन र पर्यवेक्षणका क्रममा सत्यतथ्यमा आधारित प्रतिवेदन तयार गर्न आग्रह गरेका थिए । उनले कानबाट सुनेका सूचना एक-दुई वा चार जनासम्मबाट पुष्टि गरेर मात्र सार्वजनिक गर्नुपर्नेमा जोड दिएका थिए ।

प्रशिक्षणमा पर्यवेक्षणको उद्देश्य, आधारभूत स्वतन्त्रता, निर्वाचन व्यवस्थापन, मतदाता दर्ता, मतदाता शिक्षा, प्रचार-प्रसार खर्च, आचारसंहिता, मतदान परिसरको सुरक्षा व्यवस्थापन, मिडियाको भूमिका, मौन अवधि, निर्वाचन दिवस, मतदान सम्पन्न भएपछिको प्रक्रिया, मतगणना, परिणाम विवाद, उजुरी तथा समाधान प्रक्रिया र पर्यवेक्षकहरूको अधिकारबारे विस्तृत जानकारी दिइएको थियो ।

प्रशिक्षकहरूले आचारसंहिताविपरीत कार्य गरेमा पर्यवेक्षकको अनुमति खारेज हुन सक्ने अवस्थाबारे पनि स्पष्ट पारेका थिए। नियोक केन्द्रीय कार्यालयका अनुसार देशभरका ७७ जिल्लाका १६५ निर्वाचन क्षेत्रमा झण्डै १ हजार ३ सय स्वयंसेवकले निर्वाचन पर्यवेक्षण गर्ने तयारी भइरहेको छ । यस प्रशिक्षण कार्यक्रममा मधेश प्रदेशका आठवटै जिल्लाका संयोजकहरूको सहभागिता रहेको थियो ।

प्रशिक्षक प्रशिक्षणमा सहभागीहरूले आ-आफ्नो जिल्लामा पर्यवेक्षकहरूलाई तालिम प्रदान गर्नेछन् ।यसपटक फागुन २१ गते हुने निर्वाचन पर्यवेक्षणमा जेएनजी समूहबाट समेत स्वयंसेवकहरू चयन गरिएको जानकारी दिइएको छ ।

## प्रमुख राजनीतिक दलको घोषणापत्रः
# ऊर्जा क्षेत्र विशेष प्राथमिकतामा

काठमाण्डु । प्रमुख राजनीतिक दलले मुलुकको आर्थिक समृद्धिसँग जोडिएको प्रमुख क्षेत्रका रूपमा ऊर्जा क्षेत्रलाई चित्रण गर्दै आफ्ना घोषणापत्रमा विशेष स्थान दिएका छन् । उनीहरूले विभिन्न समयसीमा निर्धारण गरेर कार्यान्वयन पक्षमा रहेको जटिलता हटाउने र ऊर्जा क्षेत्रमैत्री वातावरण बनाउने योजनासमेत अगाडि सारेका छन् ।

आन्तरिक खपतको वृद्धि, रोजगारी सृजना तथा ऊर्जा कूटनीतिमार्फत क्षेत्रीय बजारमा बिक्री गर्ने लक्ष्यलाई प्रमुख प्राथमिकतामा राखेका छन् । नीतिगत जटिलताको अन्त्य, आठ मन्त्रालय र २३ विभाग धाउनुपर्ने अवस्थाको अन्त्य गरी निजी क्षेत्रलाई धक खोलेर लगानी गर्ने वातावरण बनाउने विषय घोषणापत्रमा समेटिएका छन् । वाचापत्र, प्रतिबद्धतापत्रजस्ता नाम दिइएका राजनीतिक दलका घोषणापत्रमा यसपटक सबैको साझा एजेन्डाका रूपमा ऊर्जा क्षेत्र पर्न गएको छ ।कुनै राजनीतिक दलले १० वर्षको योजना अगाडि सारेका छन्, कुनै राजनीतिक दलले पाँच वर्षको नीति अवलम्बन गर्ने लक्ष्य राखेको छ । सरकारले अगाडि सारेको सन् २०३५ सम्म २८ हजार मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्यको हाराहारीमा नै रहेर प्रमुख दलले ऊर्जा मिश्रण तथा वैकल्पिक ऊर्जालाई पनि उत्तिकै प्राथमिकता दिएको देखिन्छ ।

कार्यक्रमिक रूपमा नेपाली कांग्रेसले 'पर्याप्त ऊर्जा : दिगो विकास'को नारा दिएको छ । त्यसमा आगामी पाँच वर्षमा देशको कुल विद्युत् जडित क्षमता १४ हजार मेगावाट पुर्याउने लक्ष्य लिएको छ । उज्यालोमात्र होइन, आर्थिक उपार्जन सेयरबाट स्वरोजगारका रूपमा सो दलले यस क्षेत्रको दिगो र दीर्घकालीन विकासलाई प्रमुख प्राथमिकतामा राखेको छ ।यस्तै, प्रतिव्यक्ति विद्युत् खपत ७५० युनिट पुर्याउने, बढ्दो खपत, घट्दो महसुलको अवधारणा लागू गर्ने, राष्ट्रिय ऊर्जा सुरक्षा नीति बनाई ऊर्जा पूर्वाधारलाई सुदृढ बनाउँदै नागरिकलाई स्वच्छ र गुणस्तरीय ऊर्जा सुनिश्चित गर्ने कांग्रेसको योजना छ । यस्तै, पेट्रोल, डिजेललाई क्रमशः प्रतिस्थान गर्दै जाने लक्ष्य कांग्रेसको छ ।

"नेपाली कांग्रेसले ऊर्जा विकासलाई प्राथमिकतामा राखेको यथार्थ पार्टीको सरकारले २०४९ सालमा ल्याएको जलविद्युत् विकास नीति र हालसम्म पनि प्रचलनमा रहिरहेको विद्युत् ऐन, २०४९ का साथै जलविद्युत् विकास नीति, २०५८ बाट स्पष्ट हुन्छ", सो दलको घोषणापत्रमा भनिएको छ ।

ठूलाठूला राजनीतिक परिवर्तन र सङ्क्रमणकालीन अस्थिरताले गर्दा अन्य क्षेत्रझैँ ऊर्जा उद्योगले पनि नीतिगत सुधारको यथोचित लाभ लिन नसकेको यर्थाथता कांग्रेसले स्वीकार गरेको छ ।कांग्रेसले लागू गरेको उदार जलविद्युत् नीतिकै जगमा आजको ऊर्जा उद्योग उभिएको दाबी गरिएको छ । अनुभवी प्राविधिक जनशक्तिको उपलब्धता र बैंकहरूको सुधारिएको दक्षताले लगानीको वातावरण थप सुदृढ बनेको बैंक तथा वित्तीय संस्थाले परियोजना बुझेर लगानी गर्न थालेकाले वित्तीय पहुँच बढेको कांग्रेसको स्वीकारोक्ति छ ।

नेपाली निजी क्षेत्रले अहिले ठूला जलविद्युत् आयोजना निर्माण गर्न सक्ने आत्मविश्वास र क्षमता हासिल गरेको उल्लेख गर्दै सो दलले यस प्रकारको उत्साहलाई ठोस नतिजामा बदल्न आवश्यक नीतिगत सहजता र वित्तीय स्रोतको सही परिचालन गर्न सकिएको खण्डमा जलविद्युत् क्षेत्र




मुलुकको औद्योगिक क्रान्तिको मुख्य आधार बन्ने उल्लेख गरेको छ ।

कांग्रेसले ऊर्जा सुरक्षालाई मध्यनजर गरी राष्ट्रिय ऊर्जा सुरक्षा नीति तय गर्ने, मुलुकको आर्थिक उन्नति, गरिबी निवारण र वातावरण संरक्षणसँग जोडेर हरेक नागरिकका लागि भरपर्दो र आधुनिक ऊर्जा सुनिश्चित गर्दै उर्जामा आत्मनिर्भर बन्ने कार्यक्रम समेटेको छ ।कांग्रेसको प्रतिज्ञापत्रमा बुढीगण्डकी र दूधकोशीजस्ता ठूला आयोजना अघि बढाउने र हाल करिब ४५० युनिटको हाराहारीमा रहेको प्रतिव्यक्ति विद्युत् खपतलाई आगामी पाँच वर्षभित्र ७५० युनिट पुर्याउने विषयलाई प्राथमकितामा राखेको छ ।

बढ्दो खपत घट्दो महसुलको अवधारणालाई कार्यान्वयनमा लैजाने लक्ष्य राखेको कांग्रेसले हाल करिब चार हजार मेगावाट विद्युत् जडित क्षमता रहेकामा अन्तरराष्ट्रिय एवं निजी क्षेत्रको समेत सामूहिक लगानी जुटाएर सौर्य विद्युत्सहित थप करिब १० हजार मेगावाट क्षमताका आयोजनालाई निर्माण चरणमा लैजाने बताएको छ । त्यसका लागि नीतिगत र नियामकीय सुधार गरी कुल जडित क्षमता वृद्धि गर्ने बताएको छ ।

कांग्रेसले सरकारबाट 'भायाबिलिटी ग्याप फन्डिङ' उपलब्ध गराउँदै बुढीगण्डकी र दूधकोशीजस्ता जलाशययुक्त एवं अर्धजलाशययुक्त बेतन कर्णाली र चैनपुर सेती आयोजनाको निर्माण राष्ट्रिय प्राथमिकताका साथ सुरु गर्ने बताएको छ ।विगत ३० वर्षदेखि अलपत्र रहेको पञ्चेश्वर बहुउद्देश्यीय आयोजनालाई राष्ट्रिय हितको अधिकतम रक्षा गर्दै प्राविधिक र राजनीतिक सहमतिमार्फत कार्यान्वयनमा लैजान गम्भीर पहल गर्ने कांग्रेसको प्रतिबद्धता छ ।

जलविद्युत् आयोजनाले पालना गर्नुपर्ने वन, जग्गा प्राप्ति र वातावरणीय प्रभाव मूल्याङ्कनको प्रक्रियालाई छ महिनाभित्र टुङ्ग्याउने गरी एकद्वार प्रणालीको व्यवस्थासहित कानुनी सुधार गर्ने विषय प्राथमिकतामा छ ।हाल आयोजना प्रभावित स्थानीय बासिन्दाका लागि छुट्याइएको जलविद्युत् कम्पनीहरूको १० प्रतिशत अग्राधिकार सेयर खरिद गर्न सम्बन्धित विपन्न परिवारका लागि लाभांशबाट क्रमशः तिर्दै जानेगरी सहुलियतपूर्ण ऋणको नीतिगत व्यवस्था गर्ने कांग्रेसको योजना छ । आयोजना निर्माणमा संलग्न नेपाली नागरिक श्रमिकलाई पनि त्यस्तो सेयर खरिद गर्ने व्यवस्था र आर्थिक सहुलियत प्रदान गरिने भएको छ ।

स्वदेशी खपतपछि जगेडा हुनजाने विद्युत् निर्यातका लागि अन्तरदेशीय व्यापारमा रहेका जटिलता फुकाउन छिमेकी देशहरूसँग राजनीतिक र कूटनीतिक पहलमा जोड दिने, नेपाल-भारत विद्युत् व्यापारलाई उपक्षेत्रीय तहसम्म विस्तार गर्न प्रभावकारी आर्थिक कूटनीति अवलम्बन गर्ने कांग्रेसको योजना छ । 'स्वच्छ ऊर्जा, स्वदेशमा खपत हरित विकास, विदेशमा निर्यात' नाराका साथ नेपाल कम्युनिस्ट पार्टी (एमाले)ले जलविद्युत्, सौर्य, ग्रीन हाइड्रोजनसमेतको नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण र वितरणका आयोजना सम्पन्न गर्ने योजना अगाडि सारेको छ ।

ऊर्जा सुरक्षाको प्रत्याभूति दिनुका साथै नेपाललाई दक्षिण एसियाको स्वच्छ ऊर्जा निर्यातक हबका रूपमा विकास गर्ने, विद्युत् उत्पादन र प्रतिव्यक्ति विद्युत् उपभोग दोब्बर बनाउने कार्यक्रम सो दलले आफ्नो घोषणापत्रमा समावेश गरेको छ ।स्वच्छ ऊर्जा उत्पादन र प्रसारण तथा वितरण प्रणाली निर्माण गर्नका लागि राज्यको लगानी वृद्धि गर्ने एमालेको कार्यक्रम छ । निजी क्षेत्रलाई उत्पादनसँगै प्रसारण लाइन निर्माण र विद्युत् निर्यात गर्न उपयुक्त वातावरण विकास गर्ने एमालेको प्रतिबद्धता छ । जलविद्युत्, सौर्य ऊर्जा र ग्रीन हाइड्रोजनसमेत विकास गरी ऊर्जा आपूर्तिको विश्वसनीय प्रणाली स्थापित गर्ने सो दलको भनाइ छ ।

हिउँदको समयमा समेत विद्युत् आपूर्तिको समस्या नरहनेगरी माथिल्लो अरुण, दूधकोशी र बुढीगण्डकी आयोजनाको कार्यान्वयन गर्ने तथा निजी विद्युत् आयोजना निर्धारित समयमा सम्पन्न गर्ने सबै प्रकारको प्रयास गर्ने सो दलको कार्यक्रममा समावेश छ ।

सुनकोशी-मरिन तथा भेरी बबईजस्ता नदी पथान्तरणका सिँचाइ तथा विद्युत् आयोजना सम्पन्न गर्ने, कृषि, उद्योग, यातायात, पर्यटन, शिक्षा, स्वास्थ्य, व्यापार, व्यवसाय र वित्तीय क्षेत्रबाट हुने ऊर्जाको मागलाई प्राथमिकताका साथ आपूर्ति गरिने विषयलाई एमालेले प्राथमितामा राखेको छ ।

कुल गार्हस्थ्य उपभोगमा विद्युत्को खपतलाई प्रोत्साहित गर्ने, तराई, उपत्यका र टारमा डिपबोरिङ तथा लिफ्ट प्रणालीबाट सिँचाइ गर्न आवश्यक विद्युत सेवा सुपथ महसुलमा उपलब्ध गराउने एमालेको घोषणापत्रमा उल्लेख गरिएको छ ।

सामुदायिक विद्युतीकरणलाई प्रोत्साहन गर्न सामुदायिक विद्युत् उपभोक्ता संस्थाहरूको दिगो व्यवस्थापनका लागि मौजुदा नीति, कानुन र नियमलाई पुनरावलोकन गरी जनताको घरदैलोमा दैनिक उपभोगका लागि विद्युतीय सेवालाई सर्वसुलभ बनाउने लक्ष्य निर्धारण गरिएको छ ।

ग्रामीण क्षेत्रमा साना तथा मझौला उद्योग सञ्चालनका लागि र कृषिको औद्योगिकीकरणका लागि ऊर्जाको समुचित व्यवस्था गर्न सामुदायिक विद्युत् उपभोक्ता संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम एमालेको रहेको छ ।

नेपाली कम्युनिस्ट पार्टीले विशेष प्राथमिकताका साथ ऊर्जा तथा पूर्वाधार विकासलाई आफ्नो प्रतिबद्धतापत्रमा समावेश गरेको छ । त्यसमा जलविद्युत्, नवीकरणीय ऊर्जा तथा एकीकृत करिडोरको विषय अगाडि सारिएको छ ।

नेकपाले प्रतिव्यक्ति विद्युत् खपत पाँच वर्षमा ७५० किलोवाट घण्टा पुर्याउने विषय समावेश गरेको छ । हाल नै प्रतिव्यक्ति विद्युत् खपत ३८० किलोवाट घण्टाबराबर पुगेको छ ।

त्यसैगरी, विसं २१०० सम्म ४० हजार मेगावाट बिजुली उत्पादन गर्ने दीर्घकालीन लक्ष्य नेकपाले तय गरेको छ । विद्युत् उत्पादनको प्रक्रिया सुरु गर्दा १० हजार जनाले प्रत्यक्ष वा परोक्ष रूपमा रोजगारी पाउने अवस्थामा नेकपाले ऊर्जा क्षेत्रलाई समृद्धिको आधारका रूपमा व्याख्या गरेको छ ।

यस्तै, आगामी पाँच वर्षमा १० हजार मेगावाट बिजुली थप गर्ने लक्ष्य समेत नेकपाको प्रतिबद्धतापत्रमा उल्लेख छ । हाल निर्माणमा रहेका आयोजना, निर्माणमा जान ठिक्क भएका आयोजना र निर्माण सकिने चरणमा रहेका आयोजना जोडिनेबित्तिकै यो लक्ष्य पूरा हुन्छ ।

यस्तै, भारत र बङ्गलादेशमा थप व्यवस्थित तरिकाले बिजुली निर्यात गर्ने नेकपाको प्रतिबद्धतापत्रमा उल्लेख छ। केही कानुनी प्रश्नहरूको तत्काल समाधान गर्ने उल्लेख गरेको नेकपाले समाधान गर्ने र नेपाल विद्युत् प्राधिकरण, विद्युत् विकास विभागजस्ता संस्थाको नेतृत्वमा कामकाजी मान्छे ल्याउनेबित्तिकै सबैभन्दा देखिनेगरी प्रगति यही ऊर्जा क्षेत्रमा नै हुने देखिन्छ। नेकपाले ऊर्जा क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर प्रतिबद्धतापत्रमा समावेश गरेकाले पनि यो वस्तुनिष्ठ र व्यावहारिक देखिन्छ । उज्यालो नेपालको नेतृत्वकर्ता भएकाले नेकपाको प्रतिबद्धतापत्र अन्यको तुलनामा वैज्ञानिक र कार्यान्वयनमुखी रहेको देखिन्छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले आगामी दशकमा ३० हजार मेगावाट बिजुली उत्पादन गर्ने महत्वाकाङ्क्षी लक्ष्य निर्धारण गरेको छ। ऊर्जा विकासलाई तीव्रता दिन भूमि, वन तथा वातावरणसम्बन्धी विद्यमान कानुनमा सुधार र परिमार्जन गरिनेछ । यस्तै, हाल आठ मन्त्रालय र २३ विभाग धाउनुपर्ने अवस्थाको अन्त्य गरी एकल बिन्दु सेवा केन्द्रमार्फत काम हुने वातावरण बनाउने सो दलको योजना छ ।

जलस्रोत नीतिको तयारी गरी लागू गर्ने, पम्प स्टोरेज वा अन्य प्रविधिमा आधारित भण्डारण, वितरण प्रणालीमा निजी क्षेत्रमैत्री वा सहभागितामा काम गर्ने सो दलको प्रतिबद्धतापत्रमा उल्लेख छ ।

यस्तै, सौर्य प्रणालीको विकास र विस्तार, आन्तरिक विद्युत् खपत वृद्धि उद्योगसम्म प्रसारण लाइन विस्तार गर्ने योजना अगाडि सारेको सो दलले ऊर्जामा आधारित ठूला उद्योगको विकास गर्ने लक्ष्य राखेको छ । सिमेन्ट, रासायनिक मल उद्योग, डाटा सर्भर, वितरण प्रणालीमा सुधार गरिनेछ । यस्तै, बिजुलीको महसुलमा पुनर्संरचना, सन् २०३५ सम्म प्रतिव्यक्ति खपत एक हजार ५०० किलोवाट घण्टा पुर्याउने लक्ष्य राखिएको छ ।

ऊर्जा निर्यातका लागि भारत र बङ्गलादेशसँग ऊर्जा कूटनीतिक अवलम्बन गरी अप्लकालीन, मध्यकालीन र दीर्घकालीन ऊर्जा व्यापार सम्झौता गर्ने सो दलको कार्यक्रम छ। यस्तै, सीमापार प्रसारण लाइनको विस्तार, ऊर्जा बजार पहुँच र स्थिर खरिद बिक्री संरचनामार्फत नेपाललाई विश्वसनीय ऊर्जा आपूर्तिकर्ता बनाउने लक्ष्य सो दलले राखेको छ ।

उज्यालो नेपाल पार्टीले पनि ऊर्जा क्षेत्रको विकास र विस्तारका लागि महत्त्वपूर्ण योजना र कार्यक्रम अगाडि सारेको छ। निर्वाचनमा भाग लिन लागेका अधिकांश राजनीतिक दलको प्रतिबद्धतामा ऊर्जा क्षेत्रले विशेष प्राथमिकता पाएको छ । आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा यो क्षेत्र स्थापित हुँदा बेरोजगारीको अन्त्य, आर्थिक विकास र समृद्धिको ढोका खुल्ने जानकारहरूको टिप्पणी छ । यस्तै, केहीले भने कार्यान्वयनको प्रक्रियामा जाँदा के-कसो हुने हो, त्यसलाई मध्यनजर गरेर मात्र यस विषयलाई थप प्रष्ट पार्न सकिने उल्लेख गरेका छन् ।रासस

## निर्वाचन प्रक्रियालाई शान्तिपूर्ण बनाउन सबैको सहयोग आवश्यकः भण्डारी

मोरङ । निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसद भण्डारीले आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न प्रतिबद्ध आयोगलाई सरोकार भएका सबैबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभएको छ ।

निर्वाचन आयोग र नेपाल कानुन समाजद्वारा शुक्रबार विराटनगरमा आयोजित 'निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन र सरोकारवालाहरुको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा कार्यवाहक आयुक्त भण्डारीले बढीभन्दा बढी जनताको सहभागितासहित निर्वाचनलाई ऐतिहासिक एवं उत्सवमय बनाउने कार्यमा सम्बद्ध सबै क्षेत्रबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने जोकोही कारबाहीको भागिदार हुने स्पष्ट गर्दै विधि र प्रक्रियालाई पालना गरी संयमित भएर निर्वाचन प्रक्रियामा सरिक हुन सबैसँग अनुरोध गर्नुभयो । कार्यवाहक आयुक्त भण्डारीले निर्वाचन प्रचारप्रसारलगायत गतिविधिमा भारतीय नम्बरप्लेटको सवारीसाधनको प्रयोग निषेध गरिएको जानकारी दिँदै त्यसतर्फ सचेत रहन राजनीतिक पार्टी तथा उम्मेदवारको ध्यानाकर्षण गर्नुभयो ।

मितव्ययी भई यथासक्य कम खर्चमा निर्वाचन सम्पन्न गर्न लागेको प्रसङ्ग उल्लेख गर्दै उहाँले तोकिएको सीमाभित्र रही खर्च व्यवस्थापन गर्न सम्बद्ध सबैसँग अनुरोध गर्नुभयो । कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री इन्द्रमणि पराजुलीले आसन्न निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र विश्वसनीय बनाउने सन्दर्भमा निर्वाचन आयोगबाट प्राप्त प्रतिबद्धतालाई साकार तुल्याउन कोशी प्रदेश सरकारले कुनै कसर बाँकी नराख्ने दृढता व्यक्त गर्नुभयो ।

प्रदेशका पर्यटन, वन तथा वातावरणमन्त्री भीम पराजुलीले निर्वाचनमा आचारसंहिता अनुगमनका लागि छुट्टै संयन्त्र निर्माण गर्नुपर्ने सुझाव दिनुभयो । उहाँले निर्वाचनलाई शान्तिपूर्ण, भयरहित र निष्पक्ष रुपमा सम्पन्न गर्ने अभियानमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो । कोशी प्रदेशका प्रमुख सचिव राजेन्द्रप्रसाद पौडेलले निर्वाचन आचारसंहिता पालनमा सबै दल एवं उम्मेदवारबाट साथ, सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा आयोजक संस्थाका प्रशासकीय निर्देशक गणेशमान प्रधान, प्रदेश निर्वाचन अधिकारी चोलाराज दङ्गालले निर्वाचनलाई स्वच्छ, भयरहित तथा निष्पक्ष रुपमा सम्पन्न गर्न आचारसंहिता पूर्ण रुपमा पालना हुनुपर्नेमा जोड दिनुभयो ।रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। गर्छु अझै संघर्ष ।।

जीवनको बाटो कहिल्यै सजिलो थिएन,
काँडा, ढुङ्गा, आँसु र निराशाले भरिएको थियो।
तर मेरो मन कहिल्यै झुक्दैन,
आँखा अगाडिको लक्ष्यमा टेकेर रहन्छ।
काँडा भरेको बाटो भए पनि,
मेरो पाइलामा रोक छैन।
अँध्यारोले ढाके पनि,
मेरो सपना उज्यालोमै चम्किन्छ।
अँध्यारो रात भए पनि,
मेरो सपना तारामय हुन्छ।
गर्छु अझै संघर्ष,
किनभने हारले कहिल्यै मेरो नाम लेख्दैन।
पखेटा भाँचिए पनि,
म उड्न सिक्नेछु फेरि।
हार नमान्ने हृदय लिएर,
गर्ने छु अझै संघर्ष,
सफलता को शिखर चुम्ना।



**नाम : खुशी कालिकोटे**
**घरः ओखलढुङ्गा**
**हालः जनकपुरधाम**

## युवा छौ कि दास?

चेतनशील युवा छौ,
कि दास?
सर्वश्रेष्ठ प्राणी कि,
जंगली ब्वाँस?
दिमाग आधा हो कि,
सोच गाधा?
देश लुटी महल ठड्याउने।
काजकर्ता लाई सडकमा
नाराबाजी गर्न लगाई
आफ्ना छोराछोरी
कलेज पठाउने
आफ्ना सन्ततिलाई
विश्वसामु उभ्ने
ऐना बनाउने
तिमी काजर्तालाइ
साइबर सेना बनाउनेहरुकै
रहन्छौ आसपास
कुरा के हो खास?
भन त
मान्छे छौं कि
जंगली ब्वाँस?
सखुवाको काठ हौ कि
सडक किनारको
झाडीबाला घाँसपात?



**चन्द्रदीप यदुवंशी**
**कमला-८, धनुषा**

## ।। होली ।।

फागुन आयल, रंग बरसल,
गामक आँगन खुशियाली हरसल।
अबीर-गुलाल उड़े गगन में,
हँसी गूँजे हर एक मन में।
लाल, पीयर, हरियर रंग,
सबके चेहरा पर अपन ढंग।
छोट-बरका सभ संग खेलै,
दुश्मनी सभ आज भुलै।
ढोलक बाजै, गीत उठै,
नाचि-गाबि मन फुल जइते।
गुजिया, पुआ, दही-बड़ा,
मीठ बनल हर घर-दुआर।
होली सिखाबै प्रेमक बात,
मिल-जुलि रहू दिन आ राता।
रंग जेकाँ जीवन सजाउ,
नफरत छोड़ि अपनापन बढ़ाउ।
होलीक हार्दिक शुभकामना !



**नाम - आर्यन साह**
**घर-जनकपुर (छ सोनारपती)**

## ।। चुनावः एउटा आशाको उत्सव ।।

गाउँ-बेसी झुल्किसक्यो, एउटा नयाँ आशा लिएर,
हातमा झण्डा, मनमा सपना, रङ्ग फेरिने भाषा लिएर।
चोक-चोकमा गफ छन् ताता, को आउला? को जाला?
के यो पटक साँच्चै नै, देशले नयाँ काँचुली फेर्ला ?



**लेखकः शम्भु साह (कानूनी सल्लाहकार)**
**ठेगाना : मिरचैया न. पा. ११**

## ।। हमर देश आ चुनाव ।।

हमर देश सुनदर, पावन धरा,
हिमाल, तराई, मधुर बयरा।

भाषा-अनेक, संस्कृति रंगीन,
एकता मे बसल पहचान प्रवीण।

जखन चुनावक समय नजदीक आबै,
गाम-नगर सब जागि उठि जाबै।

झण्डा लहराय, गीत गूंजाय,
लोकतंत्र फेर मुस्की मुस्काय।

मतदान हमर अधिकार महान,
एहि सँ बनैत देशक सम्मान।

एक-एक मत अमूल्य रतन,
बनबैत अछि भविष्यक भवन।

युवा, वृद्ध, नारी, किसान,
सब करैत छथि देशक ध्यान।

सोचि-विचारि क' देब मतदान,
ताकि बढ़य देशक शान।

शांति, मेल आ सद्भाव संग,
चुनाव बनय उत्सवक रंग।

मिलि-जुलि राखी अपन देश,
लोकतंत्र रहय सदा विशेष



**नाम-राजु ठाकुर हजाम**
**ठेकाना-क्षि. न.पा-७(नयाँबजार)**

## ।। तिमि ।।

तिमि मा छ सबै गुण म मा छ धेरै अवगुण
कसरि मिल्छ तिम्रो मेरो लछिण म छु सबै को भुल
तिमि लाइ सबै ले महिनेति भन्छ मलाई सबैले कोमल हृदय के भन्छ
दुख्छ मेरो मन कसैको पिडा देख्दा
सुखको अनुभुति तिमि लाइ पनि हुन्छ होला अर्का को सेवा गरि
मनको तृष्णा बुझ्दैन कसैले तनको सुन्दरता हेर्छ सबैले
सुखको अनुभूति सेवा ले हुन्छ दुख्ख को आभास समस्यामा पर्दा हुन्छ
आन्नदको आभास दिलवर ले नै दिन्छ पिडाको निदान दुख्खमा कसैको सहारा खोजेर हुन्छ
अहिले को समस्या छ विश्वमा दुख्ख करोना
देखि निपाह को
घर घरमा चाहिएको छ एकअर्का को सहारा तथा दैवि भरोसाको
मृत्यु पश्चात पनि जिवन रहेछ जस्तो लाग्न थाल्यो अब तर
यस मृतभुवनमा बाँचुन्जेल सत्यकर्म गरौं हामि छौं शान्ति छेत्र
बुद्ध को भुमिमा समस्यालाइ धैर्यले निदान गरौं
सागर मा पनि हलचल हुन्छ एकछिन शान्त पनि हुन्छ
हाम्रो मनतरंग पनि यस्तै हो भावुक हुन्छ फेरि साहनभुति मा आउँछ
इश्वर हाम्रो जननि जन्मदिने मातापिता कर्मभूमिमा छौं हामि कर्म गर्दैजाँ
बाटो देखाउने कयौं हुन्छ पहिल्याई दिने एउटै हुन्छ
जगतजननि मातापिता जन्मभूमि सुन्दर परिवारको कामना सबैले गर्छौं
देशको उज्ज्वल भविष्यको पनि कामना गरौं



**कवि प्रमोद राम**
**जनकपुरधाम**

## ।। वीर सहिद ।।

हिमाल हाँस्यो,मुलुक जाग्यो,जाग्यो स्वाभिमान
वीर सहिदको बलिदानले बाँच्यो,हाम्रो पहिचान।
निलेर छातीमा गोली,हारको साटो फाँसी चुनी
वीरताको गाथा गाउँदै, आफैले आफ्नो चिता बुनी।
देशको प्रेम,माटोको माया, दूरदर्शी बिचारले
ती क्रान्तिकारी सपुतलाई सकेन रोक्न तरवारले।
सुन्दर, स्वाधीन र सबल देश रच्ने सपना राखी
दुःख,पीर र घाइते शरीरले कहिले नथाकी।
मुटुमा समृद्धिको रहर,ओठमा देशको जयकार
माटोको लागि दिए जसले ज्यान हजार।
नझुकी, नरुकी,कहिले नगरी मोलमोलाई
नेपाल आमाको खातिर सधैं जीत ल्याई।
पाएको प्रत्येक अधिकारमा हाम्रा
छन् सयौं सहिदको ज्यान राम्रा।
सूर्य निस्किन्छ उनकै लहुको लाजले
नेपाली झण्डा लहरिन्छ उनकै साजले।
बुद्ध हाँस्न, डाँफे नाँच्न पाए सहिदकै योगदानले
नेपाल र नेपाली बाँच्न पाए सहिदकै बलिदानले।
राष्ट्रगान गुञ्जिन र लोकले पढ्न पायो सहिदकै योगदानले
नेपाल र नेपालीको स्वतन्त्रता बाँच्न पायो सहिदकै बलिदानले।
कट्यो शिर सपुतको तर झुकेन हिमाल
बह्यो नदी खुनको तर रुकेन नेपाल।
डाँडा-काँडा गुञ्जियो,आयो नयाँ बिहानी
वीर सहिदको नामले काँप्यो,सारा कहानी।
त्यस्ता वीर सपुतहरु मर्दैनन् कहिले
माटोमा मिलेपनि पछि सर्दैनन् कहिले।
देशको रक्षा र सुरक्षाको लागि सर्वदा
अटल पर्खाल बनी सीमामा उभिन्छन् सदा।
यदि नसके सहिदको सपना हामी पूरा गर्न
कसले सक्ला आखिर आशाको ज्योति छर्न।
त्यसैले त परिवर्तनको लागि जन्माउनुपर्छ सपुत
बिर्सेर पनि नजन्माऊ है आमा नालायक कपुत।



**नामः रामेश्वर कोरी**
**ठेगानाः कपिलवस्तु नगरपालिका ०७ धमौली, कपिलवस्तु**
**कक्षाः नौ (९)**
**विद्यालयः सन शाइन बोर्डिङ हाइ स्कूल,तौलिहवा**

## ।। जुनी-जुनीको साथी ।।

तिमी मेरो जुनी-जुनीको साथी,
मनको गोप्य कुनामा बसेको साँचो थाती।
समयले जति परिक्षा लिए पनि,
हाम्रो सम्बन्ध रहिरहोस् सधैं अटुट र साँचो साथी।
हासोमा तिमी मिठो स्वर बनि आउँछौ,
आँसुमा तिमी आँचल फैलाएर समाउँछौ।
जीवनको उकालो-ओरालो जति आए पनि,
तिमी साथ हुँदा बाटो सजिलो लाग्छौ।
तिमी बिना अधुरो लाग्छ यो संसार,
तिमी संगै पूर्ण हुन्छ मेरो हरेक प्यार।
जुनी फेरिएला, नाम फेरिएला सायद,
तर हाम्रो माया कहिल्यै नफेरियोस्, यही छ पुकार।
हातमा हात, मनमा विश्वास,
साथ रहोस् सधैं यो मीठो आभास।
जति जन्म फेरिए पनि,
तिमी नै बनिरहू मेरा जुनी-जुनीका साथी खास।



**लेखकः दिलीप कुमार दास**
**ठेगानाः लक्ष्मीपुर ०४- धनुषाधाम**

## ।। यही चुनाव मे जनता नै बिकत ।।

यही चुनाव मे जनता नै बिगत
दारु चिखना माउस भात मे
भोट गिराइत निक नेता के
साथ मे
कतबो यहाँ बाउ दादा काका काकी कहुँ
नै बिकत यहाँ के मिठ मिठ बात मे
बड कैने छि नेता सब मनमानी यहाँ सब
जनता सब भोट गिराइत सोइच समैझ
घण्टी छाप मे
हमहुँ देखलि हमर बापो देखलक
हमर बाल बच्चा देखलक यहाँ सबके
मधेशक विकास कैने छी नेता जी
यहाँ सब कात मे
आब मधेशीया जनता नै छै मुर्ख
नै छै औठा छाप त्य दारु माउस
लोभ लालच नै बिकाइत यहाँ के
कोनो बात मे
ताइक ताइक गोलि मरैली हमरा
सभक बौवा बुच्ची के से याद हाँ नै
आब एहे बदला जनता लेत यही
फागुन क चुनाव मे



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर, हाल सात समुद्र पार दोहा कतार**

## ।। तिमी र म ।।

मेरो मुटुमा तिम्रो बास छ
त्यहि भएर जीवन जिउने म मेरो आस छ।
तिमी जहिले नी मेरो सपनीमा आउनु
तिमिलाई देखेर चलाउनु म मेरो सास छ।
तिमी सधैंभरि खुशी रहनु प्रिय
तिम्रो खुशी नै मेरो अन्तिम अभिलाष छ।
तिमी र म संगै नभएपनि
तिमीले दिएका हर समय,पल,सम्झना र साथ छ।



**नाम : राज राय**
**ठेगाना- मटिहानी नगरपालिका-१, धिरापुर**

# वर्षाले छाडेपछि 'कार्की साइँला'मा भित्रिइन् 'मुन्नी'



काठमाण्डु । राजेन्द्र बस्नेतको निर्देशनमा बन्न लागेको फिल्म 'कार्की साइँला'मा मुख्य अभिनेत्री परिवर्तन भएका छन् । गत बैशाखमा वर्षा सिकावोटीलाई लिएर निर्माण घोषणा गरिएको यस फिल्ममा अब प्रियना आचार्य (मुन्नी) अनुबन्धित भएकी छन् । वर्षाले सहमतिमै फिल्म छाडेपछि निर्माताले उनको ठाउँमा प्रियनालाई भित्र्याएका हुन् ।

यस फिल्ममा प्रियनाको जोडी अभिनेता जितु नेपालसँग बाँधिनेछ । यसअघि 'लाज शरणम्', 'झरीपछिको इन्द्रेणी' र 'कल्ली'मा काम गरिसकेकी उनी पहिलो पटक 'कार्की साइँला'मा मुख्य भूमिकामा देखिन लागेकी हुन् । उनले फिल्मको कथावस्तु र आफ्नो चरित्र मन परेपछि काम गर्न तयार भएको बताएकी छन् । उनी यो फिल्मलाई लिएर उत्साहित देखिएकी छन् ।

नेपालको पूर्वी जिल्ला धनकुटामा छायांकन हुने यस फिल्ममा जितु र प्रियनासहित सुशील पोखरेल, बिरेन्द्र सिंह कुशवाहा, मान्शी शर्मा, मनिल तामाङ, रेणुका आचार्य, दिप्सन लिम्बू, रोदा राई, कमल देवकोटा लगायतका कलाकारहरूको अभिनय रहनेछ । ग्रामीण परिवेशमा निर्माण हुने यो फिल्म भरियाको कथामा आधारित रहने जनाइएको छ ।

कर्ण बहादुर फिल्म्स प्रालिको ब्यानरमा बन्न लागेको यस फिल्मको निर्मातामा बालकुमार राई रहेका छन् । कृष्ण भगत चाम्लिङ प्रस्तुतकर्ता रहेको फिल्ममा डम्बर राईको छायांकन, किरण दाहालको द्वन्द्व निर्देशन तथा दिप्सन लिम्बूको संगीत रहनेछ । म्युजिकभिडियो निर्देशकको रूपमा परिचित राजेल थापालाई फिल्ममा मुख्य सहायक निर्देशकको जिम्मेवारी दिइएको छ । फिल्मीखबर

# 'आ बाट आमा'को व्यापार १० करोड पार, बन्ला वर्षकै धेरै कमाउने फिल्म ?

काठमाण्डु । यस वर्ष १० करोड कमाउने नेपाली फिल्मको संख्या चार पुगेको छ । गत माघ १६ गतेबाट प्रदर्शनमा आएको फिल्म 'आ बाट आमा'ले घरेलु बक्स अफिसमा दोहोरो अंकको व्यापार गरेसँगै यस वर्ष १० करोड ग्रस कमाउने यो चौथो फिल्म बनेको छ । यसअघि तीन फिल्म 'ऊनको स्वीटर', 'जेरी अन टप' र 'परान'ले १० करोडभन्दा बढीको व्यापार गरेका थिए ।

'आ बाट आमा'ले बुधबार साँझसम्म १० करोडमाथि कमाएको चलचित्र विकास बोर्ड अन्तर्गतको सिनेपाः बक्स अफिसमा देखिन्छ । योसँगै फिल्म सुपरहिट बनेको छ भने अब ब्लकबस्टरको बाटोमा अगाडि बढेको छ । प्रदर्शनको तेस्रो सातामा पनि दैनिक ३० लाखमाथिको व्यापार गरिरहेको यो फिल्मले चुनावअघिसम्म १२ करोडको आँकडा पार गर्न सक्ने अनुमान गरिएको छ ।

अब धेरैको चासो 'आ बाट आमा' यस वर्षको सबैभन्दा धेरै कमाउने फिल्म बन्न सक्छ कि सक्दैन भन्नेमा छ । त्यसका लागि यो फिल्मले 'परान'को कमाइलाई उछिन्नु पर्ने हुन्छ । यसले १७ करोड ८४ लाख ४७ हजार रुपैयाँ ग्रस कमाएको थियो । फागुन २१ गते प्रतिनिधि सभाको चुनाव भएकाले ' आ बाट आमा'लाई 'परान'को कमाइ उछिन्न सहज भने देखिँदैन ।

आमा र छोराको भावनात्मक सम्बन्ध, वैदेशिक रोजगारी र त्रिकोणात्मक प्रेमकथामा आधारित यस फिल्ममा विपना थापा, प्रदीप रावत (गजनी भिलेन), पल शाह, साइग्रेस पोखरेल, उषा उप्रेती, सिम्रन पन्त, रचना गौतम लगायतको अभिनय रहेको छ ।फिल्मीखबर

## प्रतिनिधिसभा सदस्य निर्वाचनः

# सात राजनीतिक दल र ८६७ उम्मेदवारले मात्र खोले बैंक खाता

काठमाण्डु । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि हालसम्म सात राजनीतिक दल र ८६७ उम्मेदवारले मात्र बैंक खाता खोलेका छन् ।

आयोगले शुक्रबार आयोजना गरेको पत्रकार सम्मेलनमा सो जानकारी गराइएको हो । निर्वाचनमा राजनीतिक दल र उम्मेदवारहरूले लिने आर्थिक सहायताको पारदर्शिता र निर्वाचन कानुनले तोकेको खर्चको सीमाको पालना तथा प्रभावकारी निगरानीका लागि बैंक खाता खोल्ने व्यवस्था गरेको आयोगकी सहायक प्रवक्ता सीता पुन श्रीसले जानकारी दिनुभयो ।

प्रतिनिधिसभा सदस्य निर्वाचन प्रचारप्रसार बैंक खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा भाग लिने प्रयोजनका लागि आयोगमा दर्ता भई समानुपातिक र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि उम्मेदवारी दिएका सबै राजनीतिक दल, दलका उम्मेदवारहरू र स्वतन्त्र उम्मेदवारहरूले कार्यविधिअनुसार निर्वाचन प्रचारप्रसारका लागि आर्थिक सहयोग लिई गर्ने आम्दानी खर्च कारोबार सोही खातामार्फत हुने व्यवस्था गरिएको छ ।

यसै सन्दर्भमा निर्वाचन प्रचारप्रसार खर्च व्यवस्थापनबारे आयोगले राजनीतिक दलका प्रतिनिधिको उपस्थितिमा छलफल गरेको छ । काठमाडौँमा सम्पन्न कार्यक्रममा ७५ राजनीतिक दलका प्रतिनिधिको सहभागिता थियो । चुनावी खर्चमा पारदर्शिता बढाउने उद्देश्यले आयोगले सातै प्रदेशमा यस्ता कार्यक्रम सञ्चालन गरिरहेको छ ।

### घोषणापत्र सार्वजनिक र जानकारी

निर्वाचनको घोषणापत्रप्रति राजनीतिक दल तथा उम्मेदवारलाई नागरिकसमक्ष जवाफदेही बनाउने उद्देश्यले घोषणापत्र सार्वजनिक गर्ने र आयोग तथा सम्बन्धित निर्वाचन कार्यालयमा पेस गर्ने व्यवस्था निर्वाचन आचारसंहिता, २०८२ को दफा ३७ ले गरेको छ ।

आचारसंहिताको सोही व्यवस्थाबमोजिम प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा भाग लिएका राजनीतिक दलहरू तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फका उम्मेदवारहरूलाई यही फागुन ३ गतेभित्र घोषणापत्र सार्वजनिक गरी तोकिएका निकायमा पेस गर्न निर्वाचन आयोगले निर्देशनसमेत दिएको थियो । आयोगको निर्देशानुसार ४१ राजनीतिक दलहरूले घोषणापत्र सार्वजनिक गरी सोको जानकारी आयोगमा गराइसकेको जनाइएको छ ।

### आचारसंहिता अनुगमन र कारबाही

निर्वाचन आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लङ्घनका घटना न्यूनीकरण गर्न आयोगले प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारबाहीको प्रक्रिया जारी राखेको छ । आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुमगन अधिकृत तथा सम्बन्धित निर्वाचन कार्यालयहरू क्रियाशील छन् ।

केन्द्रीय आचारसंहिता अनुगमन समितिमा हालसम्म प्राप्त उजुरीमध्ये ७५ वटाका सम्बन्धमा सम्बन्धित राजनीतिक दल तथा उम्मेदवार हरूलाई स्पष्टीकरण सोधिएको छ । जसमध्ये ५२ वटाको जवाफ प्राप्त भएको छ । जिल्लास्तरमा आचारसंहिता अनुमगनलाई प्रभावकारी बनाई कार्यान्वयन सुनिश्चितताका लागि निर्वाचन आचारसंहिता, २०८२ को दफा ३२ बमोजिम ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई समुच्च विषय र प्रमुख कोष नियन्त्रक/कोष नियन्त्रकलाई आर्थिक विषयमा अनुगमन गर्न आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ ।






निर्वाचन आचारसंहिताको उल्लङ्घन हुनेगरी मिथ्या तथा भ्रमपूर्ण सूचना र घृणास्पद अभिव्यक्ति दिने व्यक्तिको निगरानी गर्न र गैरकानुनी कार्य गर्ने व्यक्ति तथा संस्थालाई नियामक निकायसँगको सहकार्यमा कानुनको दायरामा ल्याउन आयोगमा स्थापना गरिएको निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्रअन्तर्गत सूचना सदाचार प्रवर्द्धन एकाइ क्रियाशील छ ।

हानिकारक सूचना उत्पादन एवं सम्प्रेषण गर्ने २९० वटा सामग्री उत्पादक/सम्प्रेषकलाई विद्युतीय कारोबार ऐन, २०६३ बमोजिम कारबाहीका लागि नेपाल प्रहरीको साइबर ब्यूरोमा र ११ वटालाई दूरसञ्चार प्राधिकरण ऐन, २०५२ बमोजिम कारबाही गर्न नेपाल दूरसञ्चार प्राधिकरणमा पठाइएको छ । त्यस्तै, ६५ वटालाई प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम कारबाहीका लागि प्रेस काउन्सिल, नेपालमा र एउटालाई विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ बमोजिम कारबाहीका लागि पठाइएको छ ।

### चार हजार ३०० पर्यवेक्षकले निर्वाचन पर्यवेक्षण गर्ने

निर्वाचनको स्वच्छता प्रवर्द्धन, पारदर्शिता अभिवृद्धि तथा लोकतान्त्रिक वैधता सुनिश्चित गर्न आयोगले निर्वाचन पर्यवेक्षणलाई महत्वका साथ अघि बढाइरहेको छ । प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ का लागि आयोगले राष्ट्रियतर्फका ३७ वटा र अन्तरराष्ट्रियतर्फ चारवटा गरी ४१ संस्थालाई पर्यवेक्षण अनुमति प्रदान गरेको छ ।

अनुमति पाएका संस्थाका तर्फबाट पर्यवेक्षकको नाम प्रविष्ट गर्ने कार्य सम्पन्न भई आयोगले संस्थाका प्रतिनिधिहरूलाई अभिमुखीकरण सम्पन्न गरिसकेको छ । आयोगले अनुमतिप्राप्त संस्थाका करिब चार हजार ३०० जना पर्यवेक्षकका लागि परिचयपत्र जारी गरिसकेको छ ।

आम मतदाता तथा सरोकारवालाको निर्वाचनसँग सम्बन्धित जिज्ञासा सम्बोधनका लागि आयोगले माघ ५ गतेदेखि सञ्चालनमा ल्याएको कल सेन्टरमा फागुन ७ गतेसम्म 'भ्वाइस मेल'समेत गरी जम्मा तीन हजार ६४ वटा जिज्ञासा तथा प्रश्न प्राप्त भएका छन् । प्राप्त जिज्ञासामध्ये मतदाता नामावलीसँग सम्बन्धित एक हजार ५०८, निर्वाचन आचारसंहितासँग सम्बन्धित ३११ मतदाता शिक्षासँग सम्बन्धित १२५ र अन्य ८०० रहेका छन् । कुल जिज्ञासामा ३२० वटा भ्वाइस मेल आएको आयोगले जनाएको छ ।

### प्रतिनिधिसभा सदस्य निर्वाचन : देशभरका छ हजार ७४३ वडामा मतदाता शिक्षा जारी

आमनागरिकलाई मताधिकारको महत्व र मतदानको प्रक्रियाका विषयमा जानकारी दिने उद्देश्यले स्वीकृत कार्यक्रमअनुसार देशभरका छ हजार ७४३ वटै वडामा मतदाता शिक्षा कार्यक्रम जारी रहेको निर्वाचन आयोगले जनाएको छ ।

आयोगले शुक्रबार आयोजना गरेको पत्रकार सम्मेलनमा यही फागुन ३ देखि १७ गतेसम्म देशभरका ७५३ स्थानीय तहका छ हजार ७४३ वटै वडामा एकएक जना मतदाता शिक्षा स्वयंसेवक परिचालन गरिएको जानकारी गराइएको हो । आम मतदाताको बस्ती र घरदैलोमा पुगेर नमूना मतपत्रको माध्यमबाट निर्वाचनको महत्व र मतदान प्रक्रियाबारे मतदातालाई जानकारी गराउने कार्य खटिएका स्वयंसेवकबाट भइरहेको आयोगका प्रवक्ता सीता पुन श्रीसले जानकारी दिनुभयो । मतदाता शिक्षा कार्यक्रम प्रयोजनका लागि आयोगले स्थानीय तहमा यसअघि तोकेका सम्पर्क व्यक्तिलाई नै निर्वाचन मतदाता शिक्षा कार्यक्रमको अनुगमनकर्ता तोकी अभिमुखीकरण कार्यक्रमसमेत सम्पन्न भइसकेको छ ।

### निर्वाचन सामग्री र मतपत्र पुग्यो जिल्ला जिल्लामा

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को पूर्वतयारी निर्वाचन आयोगले अन्तिम चरणमा पुर्याएको छ । आयोगबाट स्वीकृत कार्यतालिकाअनुसार व्यवस्थापकीय कार्यतालिकाबद्ध र तोकिएको समयमा सञ्चालित छन् । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फका मतपत्र छपाइ सम्पन्न भई सम्बन्धित जिल्लाहरूमा पठाउने कार्य जारी छ ।

निर्वाचन सामग्री अधिकांश जिल्लामा पुर्याइसकिएको छ । स्वीकृत कार्यक्रमअनुसार मतदाता शिक्षासम्बन्धी विशेष कार्यक्रम फागुन ३ देखि १७ गतेसम्म ७५३ स्थानीय तहका छ हजार ७४३ वडामा निरन्तर सञ्चालित छ । निर्वाचन आचारसंहिता अनुगमन एवं परिपालनामा निरन्तरता दिँदै केन्द्रीय आचारसंहिता अनुगमन समितिलगायतका संयन्त्रहरूले सक्रिय रूपमा कार्यसम्पादन गर्दै आएका छन् । यही फागुन ४ गतेदेखि राजनीतिक दलहरूले चुनावको मुख्य प्रचारप्रसारका गतिविधि सुरुआत गरेका छन् । प्रचारप्रसारलाई प्रचलित कानुन र आचारसंहिताको अधीनमा रही शिष्ट र मर्यादित बनाउन आयोगबाट राजनीतिक दल र उम्मेदवारहरूलाई निर्देशन भइसकेको छ ।

### 'डिजिटल प्लेटफर्म' बाट प्रचारप्रसार जारी

निर्वाचन शिक्षा प्रदान गर्ने उद्देश्यले आयोगको निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्रअन्तर्गतको मतदाता शिक्षा एकाइले हालसम्म ३४५ वटा सामग्री आयोगबाट स्वीकृत गराई आयोगको आधिकारिक फेसबुक पेज, एक्स, टिकटक र युट्युबमा राखिएको पनि उहाँले बताउनुभयो । मतदाता, राजनीतिक दल, उम्मेदवार तथा सरोकारवाला लक्षित यस्ता सामग्रीले निर्वाचनको स्वच्छता बढाउने र नागरिकलाई आधिकारिक तथा विश्वसनीय सूचना प्राप्त हुने र मिथ्या तथा भ्रमपूर्ण सूचनाको प्रभाव न्यूनीकरणमा सहयोग पुग्ने विश्वास आयोगले लिएको छ । यस्ता सामग्रीले डिजिटल प्लेटफर्मबाट समेत मतदाता शिक्षा कार्यक्रम प्रवर्द्धन र नागरिक तथा आमसरोकारवालाले आधिकारिक सूचना पाउने अपेक्षा आयोगको रहेको सहायक प्रवक्ता श्रीसले बताउनुभयो ।

### संवादमूलक सन्देश प्रसारण

मतदाता शिक्षा कार्यक्रम प्रवर्द्धनका लागि आयोगले उत्पादन गरेका संवादमूलक भिडिओ सन्देश, गीति सन्देश, लघु भिडिओ तथा जिङ्गलहरू प्रसारण सुरु गरेको छ । यस्ता सामग्री आयोगका आधिकारिक डिजिटल प्लेटफर्मबाट प्रसारण भइरहेका छन् । मतदातालाई निर्वाचनमा सहभागी हुन प्रेरित गर्ने, निर्वाचन स्वच्छता बढाउने तथा निर्वाचन आचारसंहिता पालनाका लागि उत्प्रेरित गर्ने सन्देशमूलक सामग्रीबाट मतदान प्रतिशत बढाउने तथा बदर मत प्रतिशत घटाउन भूमिका खेल्ने आयोगको अपेक्षा छ ।

### कलाकारहरूसाग सहकार्य

आसन्न निर्वाचनको प्रचारप्रसार र मतदाता शिक्षालाई थप प्रभावकारी बनाउन आयोगले राष्ट्रिय कलाकार, सोसल मिडियाका कन्टेन्ट क्रियटर र इन्फ्लुयन्सरसँग सहकार्यका लागि छलफल गरेको छ । विशिष्ट परिस्थितिमा हुन गइरहेको निर्वाचनको महाउत्सवलाई सहयोग पुर्याउन आयोगले गरेको आग्रहलाई स्वीकार गर्दै सहभागी कलाकारहरूले मतदाता शिक्षा तथा निर्वाचन स्वच्छता प्रवर्द्धन र मिथ्या सूचना न्यूनीकरणका लागि सत्यतथ्य जानकारी आम मतदातासम्म पुर्याउन आफ्ना डिजिटल प्लेटफर्ममा सन्देश प्रवाहको प्रतिबद्धता जनाउनुभएको छ ।

### जिल्ला-जिल्लामा पुर्याइदै मतपत्र

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सम्पन्न भएको व्यहोरा सर्वविदितै छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ७७ जिल्लाका १६५ निर्वाचन क्षेत्रका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छपाइ तथा प्याकिङ सम्पन्न भइसकेको उहाँले बताउनुभयो ।

गत माघ २९ गतेदेखि कर्णाली प्रदेशबाट मतपत्र ढुवानी सुरु गरी सुदूरपश्चिम, कर्णाली र कोशी प्रदेशमा ढुवानी कार्य सम्पन्न भइसकेको छ । अन्य प्रदेशहरूमा ढुवानी कार्य जारी छ । मतपत्रबाहेकका अन्य निर्वाचन सामग्री ढुवानी सम्पन्न भइसकेको आयोगले जनाएको छ ।

मतपत्र छपाइतर्फ आयोगले तोकेको कार्यतालिकाअनुसार जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमीमा गत पुस २२ गतेदेखि मतदाता शिक्षा प्रयोजनका लागि छपाइ सुरु भएको थियो । जसअनुसार १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ गरिएको थियो । गत पुस २६ गतेदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी माघ १३ गतेसम्म आवश्यक पर्ने जम्मा दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरिएको आयोगले जनाएको छ ।रासस

## उम्मेदवार मतदाता रिझाउन गाउँगाउँमा

नेपालगन्ज । यहाँका तीन निर्वाचन क्षेत्रमध्ये सबैभन्दा ठूलो क्षेत्र हो–क्षेत्र नं १ । एक लाख २४ हजार ७२७ मतदाता रहेको छन् । यस क्षेत्रमा १४१ मतदान केन्द्र छन् ।

यस क्षेत्रमा नेकपा (एमाले), नेपाली कांग्रेस, नेपाली कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी र स्वतन्त्रसहित १४ जना उम्मेदवार प्रतिस्प्रधामा छन् । हाल यहाँका उम्मेदवार तथा दलहरू मतदाता रिझाउन गाउँगाउँ पुगिरहेका छन् । पहिलो चरणको भेटघाट पूरा गरिसकेका राजनीतिक दलका उम्मेदवार औपचारिक रूपमा घरदैलो अभियानमा व्यस्त देखिन्छन् । जिल्लाको कोहलपुर नगरपालिका, राप्ती सोनारी गाउँपालिका र नरैनापुर गाउँपालिका यस निर्वाचन क्षेत्रान पर्छन् । उम्मेदवारहरू यी क्षेत्रका घरघरमा पुगेर मतदातालाई रिझाउने कोसिसमा छन् । यसअघि यस क्षेत्रबाट एमालेका सूर्य ढकाल निर्वाचित हुनुभएको थियो । यसपटक पनि उहाँ प्रतिस्पर्धामा हुनुहुन्छ ।

विसं २०७९ को चुनावमा २५ हजार २६ मत ल्याएर विजयी हुनुभएका ढकालले तीन वर्षमै संसद् विघटन भएकाले आफ्नो पाँचवर्षे कार्ययोजना पूरा गर्न नपाएको भन्दै मत मागिरहनुभएको छ । "निर्वाचन क्षेत्रका धेरै योजना अलपत्र अवस्थामा छन्, तिनलाई पूरा गर्न पनि म चुनावी मैदानमा आएको छु", उहाँले भन्नुभयो । ढकालले राप्ती नदीका कतिपय क्षेत्रमा पुल नभएका कारण एम्बुलेन्स र दमकल पनि जान नसक्ने अवस्था रहेकाले बाटोघाटो निर्माण आफ्नो प्राथमिकतामा रहेको बताउनुभयो ।

यहाँ कांग्रेसबाट जिल्ला सभापति नारायण गौडेल उम्मेदवार हुनुहुन्छ । विसं २०७४ मा यस क्षेत्रको प्रदेश 'ख' बाट प्रत्याशी बनेर पराजित हुनुभएका गौडेल यसपटक प्रतिनिधिसभा सदस्य जित्ने लक्ष्यसहित चुनावी मैदानमा आएको बताउनुहुन्छ । उहाँले बाँके राष्ट्रिय निकुञ्जका कारण भोग्नु परेका सास्तीबारे स्थानीयले ध्यानाकर्षण गराएको उल्लेख गर्दै मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि कानुनी संरचनागत सुधार तथा अन्य अत्यावश्यक पूर्वाधार निर्माणमा आफूले भूमिका खेल्ने बताउनुभयो ।

नेकपाबाट नरेन्द्र पाण्डे उम्मेदवार हुनुहुन्छ भने प्रगतिशील लोकतान्त्रिक पार्टीबाट कृष्णा केसी 'नमूना' उम्मेदवार हुनुहुन्छ । नमूना यस क्षेत्रको प्रदेश 'क' बाट लगातार दुईपटक विजयी हुनुभएको थियो ।रासस

# विकासप्रेमी र जनताका समस्या बुझ्नेलाई मत दिने तयारीमा मतदाता




बागमती । आसन्न प्रतिनिधिसभा निर्वाचनको मिति नजिकिँदै जाँदा मकवानपुर जिल्लामा चुनावी वातावरण बन्दै गएको छ । उम्मेदवार र दलका नेता पार्टीको घोषणापत्र, प्रतिज्ञापत्र बोकेर मतदाताको घरघरमा पुग्न थालेका छन् भने मकवानपुरको सहरी तथा ग्रामीण क्षेत्रका चिया पसल, चौतारा, पान पसललगायत सार्वजनिक ठाउँहरूमा चुनावी चर्चाले तीव्रता पाएको छ ।

मकवानपुर क्षेत्र नं १ अन्तर्गत हेटौँडाका मतदाता भने आफूहरूको दुःखकष्ट बुझ्ने, विकासप्रेमी र जनहतमा काम गर्ने उम्मेदवारलाई मत दिने योजना बनाइएको बताएका छन् । निर्वाचन क्षेत्र नं १ मा नेपाली कांग्रेसबाट महालक्ष्मी उपाध्याय (डिना), नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट केन्द्रीय सदस्य एवं जिल्ला इन्चार्ज रामेश्वर राणा, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)बाट विजय गौतम, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट प्रकाश गौतम, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट पूर्वसांसद दीपकबहादुर सिंह, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट तेजप्रसाद उप्रेती (रमेश) र श्रम संस्कृति पार्टीबाट विद्या श्रेष्ठसहित २३ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

गत २०७९ सालको निर्वाचनमा सो क्षेत्रबाट निर्वाचित हुनुभएका राप्रपाका दीपकबहादुर सिंह दोस्रो पटक चुनावी परिणाम आफ्नो पक्षमा पार्ने योजनामा हुनुहुन्छ । अघिल्लो निर्वाचनमा उहाँले २७ हजार ८५१ मत ल्याएर निर्वाचित हुनुभएको थियो ।

उम्मेदवारहरू जसरी पनि आफ्नो जीत सुनिश्चित गर्न विभिन्न योजना बनाउँदै मतदातालाई आफ्नो पक्षमा पार्न घरदैलो अभियानमा जुटेका छन् ।

राजनीतिमा लामो समय योगदान गरेकादेखि युवापुस्ताका उम्मेदवारहरू जनताको घरघरमा पुगेर मत माग्न पुग्दा मतदाताले भने स्वास्थ्य, शिक्षा क्षेत्रको विकास र रोजगारी सुनिश्चितता गर्ने उम्मेदवारलाई यसपटक मत दिने बताउँछन् । यहाँका मतदाताले सीमित स्वार्थका लागि उम्मेदवार बनेकाभन्दा पनि राजनीतिमा सक्रिय रहेर समाजका लागि योगदान गरेका र आफूहरूको दुःखसुखमा साथ दिने व्यक्ति आफूहरूको रोजाइमा पर्ने बताउँछन् । विभिन्न पार्टीका उम्मेदवार घरघरमा आएर आफ्नो पक्षमा भोट माग्दा कुन उम्मेदवारलाई भोट हालेर जिताउँदा राम्रो हुन्छ भनेर मतदाताले पनि गम्भीर भएर सोच्नुपर्ने हेटौँडा उपमहानगरपालिका-११ का सञ्जीव घलानले बताउनुभयो । "जो पायो त्यही नेतालाई मत दिएर जिताउनुभन्दा विकास प्रेमी र जनहितमा काम गर्नेलाई मत हालेर जिताउनुपर्छ", उहाँले भन्नुभयो, "तब मात्र यहाँको विकास र सुशासन कायम हुन्छ ।" मत लिने बेला ठूलाठूला प्रतिबद्धता गर्ने र जितेर गएपछि ती सबै प्रतिबद्धताहरू बिर्सिनेबाट सचेत हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।


"चुनावपछि विकास गर्छ, शिक्षा र स्वास्थ्यको अवस्थामा सुधार गरेर यहाँको मुहार फेरिने अपेक्षाका साथ हामीले जनप्रतिनिधि चुन्दै आएका छौँ", हेटौँडामा चटपटे पसल गर्दै आउनुभएका खुस्बु राजवंशीले भन्नुभयो, "तर उहाँहरूले हाम्रो दुःखपीडा बुझ्न कहिले आउनुभएन्, त्यसैले यसपालि सचेत भएर हामी मतदान गर्छौं ।" मतदाताको दुःखसुखमा साथ दिने र विकास गर्न सक्षम उम्मेदवारलाई जीताउने आफूहरूको योजना रहेको उहाँको भनाइ छ ।

"राजनीतिक आस्थामा मात्र नभएर आफूहरूको समस्या बुझ्ने र विकास गर्ने व्यक्ति हामीले छान्छौँ", हेटौँडा-४ का कैलाश थापाले भन्नुभयो, "सीमित स्वार्थमा लागि उम्मेदवार बनेकाहरूले जनताको सपना पूरा गर्न सक्दैनन्, त्यसकारण राजनीति र समाजसेवामा योगदान गरेका नेतालाई मत दिनु आवश्यक छ । रासस

## घोषणापत्रमा दलित :

# दुई कुरो, उही कुरो, छैन कार्यान्वयन

काठमाण्डु । यतिबेला देश निर्वाचनमय भएको छ । प्रतिनिधिसभा निर्वाचनको समय फागुन २१ गते नजिकिँदै गर्दा राजनीतिक दलले विभिन्न नाम दिएर घोषणापत्र जारी गरेका छन् । निर्वाचनमा प्रत्यक्षतर्फ ६८ राजनीतिक दलले भाग लिँदैछन् । यी सबैजसो दलका घोषणापत्रमा दलित समुदायको मुद्दा समावेश गरिएको छ । तर नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाली कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)लगायत मुख्य ठूला राजनीति दलले 'प्रतिनिधित्व सुनिश्चित गर्ने' र 'छुवाछूत अन्त्य गर्ने' दुईवटा दलित समुदायको मुद्दालाई दोहोर्याएका छन् । पुरानै मुद्दा, पुरानै घोषणापत्रबाट साभार गरेका छन् ।




देशको सबैभन्दा ठूलो, पुरानो, लोकतान्त्रिक पार्टी कांग्रेसले बुधबार सार्वजनिक गरेको 'प्रतिज्ञापत्र'मा 'दलितलाई पार्टी र राज्यका प्रत्येक तह र निकायमा प्रतिनिधित्व र पहुँचसँगै सामाजिक न्यायको सुनिश्चित गरिनेछ' भनेको छ । जुन कुरा यो पार्टीले २०७९ सालको घोषणापत्रमा पनि राखेको थियो । विसं २०७९ को निर्वाचनमा कांग्रेसले सार्वजजिक गरेको घोषणापत्रमा भनिएको छ, "नेपालको संविधानको भावना र मर्मअनुसार दलितको राज्यका विभिन्न तह र निकायमा न्यायोचित प्रतिनिधित्व गराई समावेशिताको सिद्धान्त पालना गरिनेछ", तर विघटित प्रतिनिधिसभामा कांग्रेसले पाँच जनामात्रै दलित समुदायको प्रतिनिधित्व गराएको छ ।

यो अवधिमा कांग्रेसबाट एकजना दलितले पनि मन्त्री बन्ने अवसर पाएनन् । त्यसैगरी कांग्रेसले पछिल्लोपटक सार्वजनिक गरेको चुनावी घोषणापत्रमा दलित समुदायले भोग्दै आएको 'छुवाछूत अन्त्य गर्ने' विषय आफ्नो पुरानै घोषणापत्रबाट साभार गरेको छ । जुन कुरा २०६४ र २०७० सालको संविधानसभा निर्वाचनको घोषणापत्र र २०७४ सालको प्रतिनिधिसभा निर्वाचनको घोषणापत्रमा पनि समावेश छ । तर, दलित विषयवस्तुमा अध्ययन, अनुसन्धान र प्रकाशन गर्दै आएको समता फाउन्डेसनका अनुसार जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ लागू भए पनि पानी छोएको निहुँमा, अन्तरजातीय विवाह गरेका कारण वा चुलो छोएको निहुँमा १७ जना दलितले ज्यान गुमाउनुपरेको छ । जातीय कारण यो समुदाय विस्थापित हुनुपरेको छ । बहिष्करणमा परेको छ ।

दलित अभियन्ता पम्फा परियारले भन्नुभयो, "दलितको प्रतिनिधित्व गर्ने र छुवाछूत अन्त्य गर्ने विषय राजनीतिक पार्टीले हरेक निर्वाचनमा दोहोर्याएकै हुन्छन्, विडम्बना कार्यान्वयन गर्दैनन् ।" एमाले घोषणापत्रले भनेको छ, "दलितको संरक्षण गर्ने, सम्मानजनक जीवन जिउन दिने, मानवीय मूल्यसहितको लोकतन्त्रको अभ्यास गरिने, जातीय विभेद र छुवाछूतको अन्त्य र सामाजिक समावेशिता प्रवर्द्धन गर्दै मर्यादित जीवनस्तर र सबैका लागि न्याय सुनिश्चित गरिनेछ ।" जुन विषय एमालेको पुराना चुनावी घोषणापत्रमा पनि भेटिन्छ । यो पार्टीबाट पनि विघटित प्रतिनिधिसभामा छ जनामात्र दलितको प्रतिनिधित्व थियो । यो बीचमा एमालेले पनि दलितलाई क्याबिनेट मन्त्री बनाउन सकेन ।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले आफ्नो घोषणापत्रमा 'राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपले बहिष्करणमा परेका वा पारिएका दलितलाई राज्यका सबै अङ्ग, तह र समानुपातिक समावेशीकरणको प्रत्याभूति दिलाउने, अधिकार र अवसरमा समानता तथा सहभागिता सुनिश्चित गर्ने' उल्लेख गरेको छ । यो पार्टीबाट पनि दुई जना दलितको प्रतिनिधिसभामा प्रतिनिधित्व थियो । यो पार्टीले पनि दलितलाई क्याबिनेट मन्त्री बनाएन ।

रास्वपाले पनि दलितको सवालमा आफ्नो चुनावी नागरिक करारपत्र/बाचापत्रमा 'प्रचलित कानुन र संविधानको मर्मअनुसार आरक्षण तथा समावेशिताको व्यवस्था सुनिश्चित गर्दै दलित समुदायमाथि भएको जातीय विभेद अन्त्यका लागि अझ ठोस कानुनी, नीतिगत र संस्थागत सुधार अघि बढाइने' भनेको छ । यो पार्टीमा दलितबाट दुई जना सांसद बन्नुभएको थियो । तर यो पार्टीले पनि दलितलाई मन्त्री बनाउन भने सकेन ।

राप्रपाले पनि दलित समुदायको प्रतिनिधित्व बढाउने र छुवाछूत अन्त्य गर्ने विषय पुरानै घोषणापत्रबाट उतारेको छ । दलित आन्दोलनका अगुवा पदम सुन्दासले राजनीतिक दलले पटकपटकको चुनावमा दलित सुमदायका यी दुई मुद्दालाई उठाउँदै आए पनि कार्यान्वयन नगरेका कारण घोषणापत्रमै कार्यान्वयनको अवधि पनि समावेश गर्नुपर्ने धारणा राख्नुभयो । राजनीतिक दलले दलित समुदायबारे संवैधानिक अधिकारलाई 'दलितसम्बन्धी एकीकृत कानुन' बनाएर प्रभावकारी कार्यान्वयन गर्न सकेको खण्डमा दलितको धेरै समस्या समाधान हुने उहाँको भनाइ छ ।

घोषणापत्रमा दलितको प्रतिनिधित्वको विषय उठाउँदै गर्दा राज्यका निकायमा उनीहरूको प्रतिनिधित्वको अवस्था अत्यन्त कमजोर देखिन्छ । दलित समुदायबाट राष्ट्रियसभामा छ जना, विघटित प्रतिनिधिसभामा १६ जना, समग्र प्रदेशसभामा ३० जना, निजामती सेवामा २.११ प्रतिशत, न्यायपालिका र परराष्ट्र सेवामा करिब एक प्रतिशत र राजनीतिक दलहरूमा औसत ५-९ प्रतिशत छ । तर, निर्णायक तहमा अत्यन्त न्यून प्रतिनिधित्व छ । जबकि दलित समुदायको जनसङ्ख्या १३.४ प्रतिशत छ । अहिले पनि ४२ प्रतिशत दलित समुदाय गरिबीको रेखामुनि छ । यो तथ्याङ्कले पार्टीको घोषणापत्र, संविधानको समावेशी चरित्र र व्यावहारिक कार्यान्वयनबीच गहिरो अन्तर देखाउँछ ।रासस

## किम जोङ उन : उत्तर कोरियाली जनताको जीवनस्तर सुधार्ने वाचा

एएफपी

सियोल । उत्तर कोरियाली नेता किम जोङ उनले शुक्रबार सुरु भएको दुर्लभ वर्कर्स पार्टी सम्मेलनको उद्घाटन गर्दै जनताको जीवनस्तर सुधार्ने र राष्ट्रको आर्थिक विकास तीव्र पार्ने प्रतिज्ञा गर्नुभएको छ । सम्मेलनले प्योङ्याङमा राज्यको सबै क्षेत्रमा निर्देशन र कार्यान्वयनका योजना प्रस्तुत गर्ने अवसर प्रदान गरेको बताइएका छ ।

किमले भाषणमा भन्नुभयो, "हाम्रो पार्टीले आर्थिक निर्माण र जनताको जीवनस्तर सुधार गर्दै राज्य र सामाजिक जीवनका सबै क्षेत्रलाई छिटो रूपान्तरण गर्न आवश्यक ऐतिहासिक कार्यहरूको सामना गरिरहेको छ ।" उहाँले सक्रिय र निरन्तर प्रयास बिना कुनै ढिलाइ स्वीकार्य नहुने पनि जोड



दिनुभयो ।

पछिल्ला दशकमा उत्तर कोरियाले आणविक हतियार र सैन्य क्षमता प्राथमिकता पाएको थियो, जसले खाद्यान्न अभाव र आर्थिक कठिनाइ निम्त्याएको थियो । तर किमले सन् २०११ मा सत्ता सम्हालेपछि गरिब राष्ट्रको अर्थतन्त्र बलियो बनाउने र नागरिकको जीवनस्तर सुधार्नेमा जोड दिनुभएको छ । सन् २०२१ को सम्मेलनमा उहाँले 'लगभग सबै क्षेत्रमा गल्ती' भएको दुर्लभ सार्वजनिक स्वीकार गर्नुभएको थियो ।

विश्लेषकहरूले यस भाषणलाई खाद्यान्न अभाव, भारी प्रतिबन्ध र रुस-युक्रेन युद्धमा उत्तर कोरियाको समर्थनका कारण बढेको असन्तुष्टि कम गर्ने रणनीति भएको अनुमान गरेका छन् । किमले विगत पाँच वर्षमा मुलुकले भोगेका कठिनाइ पार गर्दै भविष्यमा 'आशावाद र विश्वास' को नयाँ चरणमा प्रवेश गरेको बताउनुभयो ।

सम्मेलनमा हजारौँ पार्टी अधिकारी उपस्थित थिए, जहाँ किम परिवारको दशकौँ लामो शासनकालमा नौ पटक मात्र पार्टी कङ्ग्रेस सम्पन्न भएको थियो । किमले आफ्नो व्यक्तित्वको सम्प्रदायलाई बलियो बनाउन र सत्तामा आफ्नो पकड प्रदर्शन गर्न सम्मेलनलाई प्रयोग गर्नुभएको छ । सियोलको गुप्तचर सेवाका अनुसार, उत्तराधिकारीका रूपमा उहाँकी किशोरी छोरी जु एमा विशेष ध्यान दिइनेछ ।

अन्तर्राष्ट्रिय सन्दर्भमा, चीन र रुसले मैत्रीपूर्ण सन्देश पठाएका छन् । किमले गत वर्ष बेइजिङमा चीनका राष्ट्रपति सी जिनपिङ र रुसका राष्ट्रपति भ्लादिमिर पुटिनसँग देखा पर्नु, उहाँको विश्व राजनीतिमा उच्च स्थिति र कूटनीतिक सञ्जालको सङ्केत हो । पाँच वर्षअघि किमले संयुक्त राज्य अमेरिका 'सबैभन्दा ठूलो शत्रु' घोषणा गर्नुभएको थियो तर अहिलेसम्म उच्च-स्तरीय कूटनीतिक वार्ता पुनः सुरु गर्ने प्रयासलाई सीमित राख्नुभएको छ ।

यो सम्मेलनले उत्तर कोरियाली नेतृत्वको आन्तरिक नीति र अन्तर्राष्ट्रिय रणनीतिक स्थितिको झलक प्रदान गर्दै किम जोङ उनको सत्तामा स्थायित्व र जनताको जीवनस्तर सुधार्ने लक्ष्यलाई प्राथमिकता दिने स्पष्ट सङ्केत दिएको छ ।

# एकमात्र खेल जितेर विश्वकप यात्रा अन्त्य, नेपाली टोलीले देखाएको 'आशा र अस्थिरता'

बीबीसी

काठमाण्डु । मङ्गलवार राति जित सुनिश्चित गर्ने गरी चौका प्रहार गरेपछि गुलशन झा मुस्कुराए। अनि दर्शकतर्फ झुकेर अभिवादन गरे।

उनका लागि यो क्षण किन पनि महत्त्वपूर्ण थियो भने दुई वर्षअघि यस्तै अन्तिम समयमा १ रन लिन नसक्दा नेपाल विश्वकपमा दक्षिण अफ्रिकासँग १ रनले पराजित हुन पुगेको थियो।तर स्कटल्यान्डविरुद्धको खेलका वास्तविक नायक दीपेन्द्र सिंह ऐरी भने अर्कोतर्फ उभिएर खुसीयाली मनाइरहेका थिए। ऐरीको अविजित ५० रनको अर्ध शतकमा नेपालले स्कटल्यान्डलाई ७ विकेटले पराजित गर्न सफल भयो।जारी टी२० विश्वकपमा नेपालका तर्फबाट उदाहरणीय ब्याटिङ गर्न सफल भएका दीपेन्द्रको यो तारन्तारको दोस्रो अर्ध शतक पनि थियो।



स्कटल्यान्डसँग यही २ अङ्क लिएर नेपाली राष्ट्रिय क्रिकेट टोली नेपाल फर्कँदै छ। एउटा क्रिकेट पावरहाउस इङ्ग्ल्यान्डसँगको कडा प्रतिस्पर्धापछि प्राप्त प्रशंसा, इटली र वेस्ट इन्डिजसँगको निकै कमजोर प्रदर्शन र स्कटल्यान्ड विरुद्धको शानदार विजयले नेपाली टोलीको टी२० विश्वकप यात्रा 'अस्थिरता र आशा'को मिश्रण जस्तो देखियो।त्यसक्रममा राष्ट्रिय टोलीले केही अप्रत्याशित क्षण, प्रशस्त कमजोरी अनि थुप्रै पाठ लिएको ठानिएको छ।

मुम्बई यात्रा गर्दा कम्तीमा 'सुपर ८' पुग्ने लक्ष्य बुनेको टोलीका योजना र खेलाडीहरूको प्रदर्शनबीच मेल खाएको देखिँदैन। तथापि विश्वकपको ठुलो मञ्चमा टोलीले महत्त्वपूर्ण सन्देश प्रवाह गरेर घर फर्कँदै छ।नेपाली समर्थकहरूले अपेक्षित रूपमै फेरि आफ्नो टोलीलाई वानखेडे रङ्गशालामा साथ दिए।कप्तान रोहित पौडेलले प्रतियोगिताको समीक्षा गर्दै खेलपछिको पत्रकार सम्मेलनमा भने, "हो हामीले क्षमता अनुरूप खेल्न सकेनौँ। तर हामी उच्च मनोबल लिएर देश फर्कँदै छौँ।"

चौथो खेल पनि हारेर देश फर्केको भए टोलीले सामना गर्नुपर्ने तीव्र आलोचनाका कारण मनोबल खस्कन सक्ने अवस्थाबाट पनि नेपाली टोली जोगिएको देखिएको छ। अन्तिम समयसम्म डटेर खेल्ने छवि बनाउँदै आएको नेपाली टोलीले इङ्ग्ल्यान्ड विरुद्धको खेलमा त्यो छाप छोडेको देखियो। नेपालले कुनै पनि टीमलाई हराउन सक्छ भन्ने निडर छवि उक्त खेलमा उजागर भएको थियो।

दुई पटकको विजेता इङ्ग्ल्यान्डलाई दबावमा पारिरहँदा उक्त टोलीमा विश्वका दोस्रो वरीयताका ब्याटर फिल साल्ट र चौथो वरीयताका जोस बटलरजस्ता ब्याटर थिए भने आदिल रसिदजस्ता विश्व वरीयताका चौथो नम्बरका बलरविरुद्ध चौका र छक्का बर्सिएको थियो।

इटलीविरुद्धको खेलमा भने सम्झन लायक केही पनि देखिएन। नेपाली टोली निकै कमजोर देखिएको त्यो खेल विश्वकपको एक कमजोर प्रतिस्पर्धामध्येमा गनिने छाके नेपाली टोली यति धेरै फितलो पनि हुन सक्छ? भन्ने प्रश्न त्यस हारले जन्माइदिएको छ।वेस्ट इन्डिजविरुद्धको खेलमा नेपाली टोलीले कुनै पनि समय खेलमा फर्किन सक्ने खाले प्रदर्शन गरेको देखिएन।

उक्त खेलपछि सोमपाल कामीले नेपाली दर्शकसँग माफी नै मागे। दीपेन्द्र सिंह ऐरीले भने चारवटै खेलमा सम्झिन लायक प्रदर्शन गरे। वेस्ट इन्डिज र स्कटल्यान्डजस्ता टोलीविरुद्ध अर्ध शतक प्रहार गरेर उनले वाहवाही सँगालेका छन्।कुल १६९ रन बनाएका उनी कम्तीमा आजको दिनसम्म प्रतियोगिताको शीर्ष रनकर्तामध्ये दोस्रो स्थानमा छन्। पहिलोपटक राष्ट्रिय टोलीमा स्थान पाएका स्पिनर शेर मल्लले आफ्नो पहिलो विश्वकप सहभागिताको पहिलो खेलको पहिलो बलमा पहिलो विकेट लिनु उनका लागि स्मरणीय रह्यो।

उक्त खेलमा रोहित पौडेल र ऐरीबीचको तेस्रो विकेटको लागि बनेको ८३ रनको साझेदारीले मध्यक्रमको मजबुती झल्किएको थियो। लोकेश बमको विस्फोटक पारी र उनले जोफ्रा आर्चरलाई एकै ओभरमा दुई छक्का हान्नुले तल्लो क्रममा पनि नेपाल बलियो रहेको सङ्केत गरेको थियो।वेस्ट इन्डिजविरुद्धको खेलमा दीपेन्द्रको अर्ध शतक महत्त्वपूर्ण रह्यो। नेपाली खेलाडीबाट दोस्रो अर्ध शतक आउन १२ वर्ष पर्खिनुपरेको थियो।सोमपाल कामीको नाममा लगातार तेस्रो विश्वकप खेल्ने एक मात्र नेपाली खेलाडीको कीर्तिमान बन्यो।

वेस्ट इन्डिजका जेशन होल्डरलाई लगातार ३ चौका प्रहार गर्दै कामीले आफू योग्य रहेको प्रमाणित गरिदिए। जारी विश्वकपले नेपाली टोलीमा रहेका कमजोरीहरू पनि छरपस्ट पारेको छ।खेलमा एकरूपता नदेखिनु नेपालको मुख्य समस्याको रूपमा देखिन्छ भने महत्त्वपूर्ण क्षणहरूमा सम्हालिन नसक्ने प्रवृत्तिले नेपाललाई यसपालि पनि छोडेको देखिएन।'डेथ ओभर बलिङ' त नियमित समस्या जस्तै देखियो। इङ्ग्ल्यान्डविरुद्ध करण केसीले अन्तिम ओभरमा २१ रन खर्चेका थिए। त्यस विपरीत इङ्ग्ल्यान्डका साम करनले अन्तिम ओभरमा २ रन मात्र मात्र लिन दिएर आफ्नो टोलीलाई हारबाट जोगाइदिएका थिए।

नेपालको बलियो पक्ष मानिने बलिङतर्फ समेत यो पालि धार देखिएन। टोलीमा प्रमुख बलरहरूको अभाव खट्किन पुग्यो।कुशल भुर्तेलले राम्रो सुरुआत नगर्नासाथ टोली तितरबितर हुन पुग्ने अवस्था हरेक खेलमा देखिन्थ्यो। टोलीकै मुख्य प्रशिक्षक स्टुअर्ट लले खेलाडीहरू सामाजिक सञ्जालमा भुल्न नहुने विषय सार्वजनिक गरेर नेपाली टोली भित्री पाटो पनि खोलिदिएका छन्। परामर्शदाता प्रशिक्षक निक पोथसले पनि त्यसमा बल पुग्ने अभिव्यक्तिहरू दिए।

खेलाडीहरूले सामाजिक सञ्जालको प्रयोग र खेलमा समेत त्यसको असर देखिएपछि प्रशिक्षक स्टुअर्टले मुख खोलेको देखिन्थ्यो।यसको अर्थ खेलाडीहरूमा अनुशासनको विषयमा चुकिरहेको गम्भीर तथ्य बाहिर आएको छ।पोथसले त नेपाल क्रिकेट सङ्घले टीम म्यानेजर बारम्बार फेरिरहने नेपाल क्रिकेट सङ्घको कार्यप्रति पनि कटाक्ष गरेका थिए। विदेश भ्रमणका लागि जस्तै देखिनेगरी पटक पटक टीम म्यानेजर फेरिरहँदा उनीहरू आफ्नो भूमिकामा अस्पष्ट भएको उनको भनाइ थियो।

त्यसलाई समर्थन गर्दै कप्तान रोहित पौडेलले भने: "टीममा एउटै म्यानेजर लामो समयको लागि भए टीमलाई राम्रो हुन्थ्यो।" यद्यपि विश्वकपको यो ठुलो मञ्चमा नेपालले अन्तर्राष्ट्रिय क्रिकेटका लागि असोसिएट राष्ट्रका तर्फबाट एउटा सन्देश दिन भने सफल भएको देखिन्छ।कप्तान रोहित पौडेलले नेपाली खेलाडीहरूले ठुला राष्ट्रसँग खेल्ने क्यालेन्डर नभएकोले कमै मात्र मौका पाउने गरेको कुरा सम्झाए। उनले धेरैभन्दा धेरै खेल टेस्ट मान्यता प्राप्त राष्ट्रसँग खेल्न मौका दिनुपर्ने कुरा विश्वकप मञ्चमा उठाए।

"धेरै होइन कम्तीमा वर्षमा १/२ वटा खेल टेस्ट राष्ट्रसँग खेल्न पाए हामीलाई सहयोग पुग्ने छ," उनले भनेका थिए।वेस्ट इन्डिजका प्रशिक्षक डारेन सामीले रोहितको भनाइलाई साथ दिएका छन्। यो विषयमा आईसीसी लगायत अन्य टेस्ट राष्ट्रको पनि ध्यानाकर्षण भएको देखिन्छ।समग्रमा भन्नुपर्दा टीम बनावट, प्राविधिक र व्यवस्थापकीय पक्षमा नेपाल क्रिकेट सङ्घले सुधार गर्नुपर्ने पक्षहरू धेरै छन्।यद्यपि असोसिएट राष्ट्रका तर्फबाट भएको प्रदर्शनमा धेरै नै असन्तुष्ट भइहाल्नुपर्ने ठाउँ देखिँदैन।

## मार्सल ल सङ्कटमा युनको माफी

एएफपी



सियोल । विद्रोहको आरोपमा आजीवन कारावासको सजाय सुनाइएपछि दक्षिण कोरियाका अपमानित पूर्वराष्ट्रपति युन सुक येओलले सन् २०२४ को मार्सल ल घोषणाबाट उत्पन्न भएको राजनीतिक उथलपुथल र जनअसन्तुष्टिका लागि शुक्रबार गहिरो माफी माग्नुभएको छ । सजाय सुनाइएको एक दिनपछि उहाँले आफ्नो निर्णयले देशलाई ठूलो सामाजिक लागत बेहोर्न बाध्य पारेको स्वीकार गर्दै त्यसबाट निम्तिएको 'निराशा र कठिनाइ' प्रति दुःख व्यक्त गर्नुभएको हो ।

सियोल केन्द्रीय जिल्ला अदालतले बिहीबार युनलाई डिसेम्बर २०२४ मा संसद्लाई लामो समयसम्म निष्क्रिय बनाउने उद्देश्यले विद्रोहको नेतृत्व गरेको ठहर गर्दै दोषी ठहर गरेको थियो । अदालतका अनुसार उहाँले शासन सञ्चालनमा अवरोध आएको भन्दै सैन्य बल परिचालन गरेर निर्वाचित संस्थालाई निष्क्रिय बनाउने प्रयास गर्नुभएको थियो ।

फैसला सार्वजनिक भएपछि आफ्ना वकिलमार्फत जारी वक्तव्यमा युनले राष्ट्रलाई जोगाउने सङ्कल्पका बाबजुद आफ्नै कमजोरीका कारण जनतालाई पीडा पुगेको बताउनुभयो । "राष्ट्रलाई बचाउने मेरो सङ्कल्प हुँदाहुँदै पनि, मेरा आफ्नै कमजोरीका कारण मैले मानिसहरूलाई निम्त्याएको निराशा र कठिनाइहरूका लागि म गहिरो माफी माग्छु", उहाँको वक्तव्यमा उल्लेख छ । यद्यपि उहाँले सैन्य शासन लागू गर्ने प्रयास 'राष्ट्रको खातिर मात्र' गरिएको कदम भएको दाबी दोहोऱ्याउनुभयो ।

उहाँले अदालतको निर्णयलाई 'स्वीकार गर्न गाह्रो' भएको प्रतिक्रिया दिनुभयो, तर अपिल गर्नुहुन्छ वा गर्नुहुन्न भन्नेबारे कुनै स्पष्ट सङ्केत दिनुभएको छैन ।

६५ वर्षीय युन कहिले प्यारोलका लागि योग्य हुनुहुन्छ भन्ने प्रस्ट नभए पनि दक्षिण कोरियामा आजीवन कारावास भोगिरहेका अधिकांश कैदीहरूले सामान्यतः २० वर्षपछि आवेदन दिन सक्ने कानूनी व्यवस्था छ ।

अध्यक्ष न्यायाधीश जी ग्वी-योनले फैसलामा युनले राजनीतिक विरोधीहरूलाई चुप लगाउने अभिप्रायले संसद् भवनमा सेना पठाएको उल्लेख गर्नुभयो। "अदालतले विधानसभालाई धेरै समयसम्म निष्क्रिय बनाउने अभिप्राय राखिएको पत्ता लगाएको छ", उहाँले सियोल सेन्ट्रल डिस्ट्रिक्ट कोर्टमा सुनुवाइका क्रममा भन्नुभयो ।

न्यायाधीशका अनुसार मार्सल ल घोषणाले ठूलो सामाजिक र राजनीतिक मूल्य चुकाउनुपरेको थियो र प्रतिवादीबाट स्पष्ट पश्चात्तापको सङ्केत फेला पार्न कठिन देखिएको थियो ।

मार्सल ल घोषणापछि देशव्यापी आकस्मिक प्रदर्शन सुरु भएका थिए । यसले शेयर बजारलाई अस्थिर बनाएको थियो भने संयुक्त राज्य अमेरिकाजस्ता प्रमुख सैन्य साझेदारहरूलाई समेत चासो र चिन्तामा पारेको थियो । अभियोजकहरूले युनलाई 'तानाशाही र दीर्घकालीन शासनलाई लक्षित शक्तिको लालसा' द्वारा सञ्चालित विद्रोहको नेतृत्व गरेको आरोप लगाउँदै मृत्युदण्डको माग गरेका थिए । तर दक्षिण कोरियाले मृत्युदण्डमा अनौपचारिक रोक लगाएको छ र अन्तिम पटक सन् १९९७ मा मात्रै मृत्युदण्ड कार्यान्वयन गरिएको थियो ।

मार्सल ल सङ्कटताका युन अलोकप्रिय राष्ट्रपति रहनुभएको थियो । संसद्मा उहाँकै पार्टीका सांसदहरूले बजेटसम्बन्धी उपायहरू अवरुद्ध गरेका थिए र प्रशासनका प्रमुख व्यक्तिहरूमाथि महाभियोगको प्रस्ताव अघि बढाएका थिए । यस्तो पृष्ठभूमिमा वरिष्ठ सैन्य अधिकारीहरूको समर्थनमा उहाँले विधानसभा भवन नियन्त्रणमा लिन र आलोचकहरूलाई पक्राउ गर्न सेना पठाउने निर्णय गर्नुभएको थियो ।

युनले विपक्षी नेतृत्वको 'विधायी तानाशाही' विरुद्ध 'स्वतन्त्रताको रक्षा' गर्न कदम चालेको तर्क गर्दै निरन्तर गलत काम गरेको अस्वीकार गर्दै आउनुभएको थियो । डिसेम्बर ३, २०२४ को मध्यरातितिर टेलिभिजन सम्बोधनमार्फत उहाँले उत्तर कोरियाको प्रभाव र अस्पष्ट 'राज्यविरोधी शक्ति' को खतरा औँल्याउँदै नागरिक सरकार निलम्बन गरी सैन्य शासन सुरु गर्ने घोषणा गर्नुभएको थियो । तर सांसदहरू आपतकालीन मतदानका लागि संसद् भवनमा भेला भएपछि करिब छ घण्टामै मार्सल ल हटाइएको थियो । मार्सल ल ले दक्षिण कोरियाली लोकतन्त्रमा गहिरो बहस र राजनीतिक ध्रुवीकरण निम्त्याएको थियो ।

## अमेरिका-इन्डोनेसिया व्यापार सहमति

एपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको 'बोर्ड अफ पिस' को पहिलो बैठकका क्रममा वासिङ्टनमा रहनुभएका इन्डोनेसियाका राष्ट्रपति प्रबोवो सुबिआन्तो अमेरिकासँग महत्त्वपूर्ण व्यापार सम्झौतामा पुग्नुभएको छ । ह्वाइट हाउसले बिहीबार घोषणा गरेको उक्त सहमतिलाई दुवै देशले द्विपक्षीय आर्थिक सम्बन्धको नयाँ अध्यायका रूपमा प्रस्तुत गरेका छन् ।



सम्झौताअनुसार दक्षिणपूर्वी एसियाको सबैभन्दा ठूलो अर्थतन्त्र इन्डोनेसियाले अमेरिकी वस्तुहरूमा लगाइँदै आएको ९९ प्रतिशत शुल्क हटाउनेछ । त्यसको बदलामा अमेरिकाले इन्डोनेसियाका अधिकांश वस्तुहरूमा १९ प्रतिशत भन्सार दर कायम गर्नेछ । यो दर यसअघि कम्बोडिया र मलेसियाका लागि पनि तय गरिएको थियो । साथै इन्डोनेसियाले गैर-कर अवरोधहरू सम्बोधन गर्ने र महत्त्वपूर्ण खनिज तथा अन्य औद्योगिक सामग्रीहरूको अमेरिकातर्फ निर्यातमा लगाइएका प्रतिबन्धहरू हटाउने प्रतिबद्धता जनाएको ह्वाइट हाउसले जनाएको छ ।

यसै सन्दर्भमा इन्डोनेसिया र अमेरिकी कम्पनीहरूबीच ३८ अर्ब ४० करोड डलर बराबरका ११ वटा व्यावसायिक सम्झौताहरू सम्पन्न भएका छन् । तीमध्ये अमेरिकी सोयाबिन, मकै, कपास र गहुँ खरिद, तेल क्षेत्र पुनःउत्थानमा सहकार्य, महत्त्वपूर्ण खनिज आपूर्ति तथा कम्प्युटर चिप्समा संयुक्त लगानी समावेश छन् । इन्डोनेसियाली कम्पनीहरूले १० लाख मिलियन टन सोयाबिन, १६ लाख टन मकै, ९३ हजार टन कपास तथा सन् २०३० सम्म ५० लाख टन गहुँ खरिद गर्ने सहमति व्यक्त गरेका छन् ।

बुधबार युएस चेम्बर अफ कमर्समा आयोजित कार्यक्रममा राष्ट्रपति प्रबोवोले पछिल्ला महिनाहरूमा गहन वार्ता भएको र धेरै विषयमा ठोस समझदारी बनेको बताउनुभयो । ह्वाइट हाउसले उक्त सहमतिलाई 'ठूलो सम्झौता' भन्दै यसले आर्थिक सुरक्षा सुदृढ पार्ने, विकास प्रवर्द्धन गर्ने र विश्वव्यापी समृद्धिमा नेतृत्व गर्न सहयोग पुग्ने जनाएको छ । सम्झौतामा अमेरिकी व्यापार प्रतिनिधि जेमिसन ग्रीर र इन्डोनेसियाका समकक्ष एयरलाङ्गा हार्टार्टोले हस्ताक्षर गर्नुभएको थियो । हार्टार्टोले यसलाई द्विपक्षीय सम्बन्धको 'नयाँ स्वर्ण युग' को सुरुआतका रूपमा व्याख्या गर्नुभयो ।

व्यापार सहमतिसँगै कूटनीतिक सन्देश पनि जोडिएको छ । विश्वकै सबैभन्दा ठूलो मुस्लिम जनसङ्ख्या भएको देशका नेता प्रबोवोले गाजामा अन्तर्राष्ट्रिय स्थिरीकरण बलका लागि आठ हजार वा आवश्यक परे थप सेना पठाउने प्रतिबद्धता दोहोऱ्याउनुभएको थियो । ट्रम्पले बैठकमा इन्डोनेसियाको भूमिकाको प्रशंसा गर्नुभयो भने प्रबोवोले ट्रम्पको नेतृत्वमा 'वास्तविक शान्ति' सम्भव हुने विश्वास व्यक्त गर्नुभयो ।

उक्त बोर्डमा कम्बोडिया र भियतनाम पनि सहभागी छन् । कम्बोडियाले अमेरिकासँग पहिल्यै व्यापार सम्झौता गरिसकेको छ भने भियतनाम फ्रेमवर्क सहमतिमा पुगेको छ । यसैबीच भियतनामका नेता टो लाम पुनःनिर्वाचित भएपछि पहिलो पटक अमेरिका आउनुभएको हो । विश्लेषकहरूले चीन भ्रमणअघि उहाँको अमेरिका यात्रा कूटनीतिक प्राथमिकतामा आएको परिवर्तनको सङ्केतका रूपमा लिएका छन् ।

अमेरिकाले भियतनामी निर्यातमा २० प्रतिशत कर लगाएपछि दुवै देशबीच व्यापार वार्ता जारी छ । वार्ताको छैटौँ चरण फेब्रुअरीको सुरुमा सम्पन्न भएको थियो । महत्त्वपूर्ण खनिज आपूर्ति शृङ्खलामा चीनको प्रभाव घटाउने अमेरिकी रणनीतिसँग जोडिएको यो व्यापक आर्थिक तथा कूटनीतिक पहललाई वासिङ्टनले क्षेत्रीय सन्तुलन सुदृढ गर्ने कदमका रूपमा हेरेको छ ।


# एपस्टिन सम्पत्तिबाट साढे तीन करोड डलर मुआब्जा प्रस्ताव

एएफपी

वासिङ्टन । दोषी ठहर भइसकेका अमेरिकी यौन अपराधी जेफ्री एपस्टिनको सम्पत्तिले सम्भावित दर्जनौँ पीडितहरूका बाँकी कानूनी दाबी टुङ्ग्याउन अधिकतम तीन करोड ५० लाख अमेरिकी डलरसम्म भुक्तानी गर्न सहमति जनाएको प्रस्तावित अदालतको फैसलामा उल्लेख गरिएको छ । बिहीबार दायर गरिएको उक्त प्रस्तावले लामो समयदेखि विवादित रहेका दाबीहरूलाई सामूहिक रूपमा समाधान गर्ने बाटो खोलेको छ ।

फैसलाअनुसार यो सहमति ती व्यक्तिहरूसँग सम्बन्धित छ, जसले जनवरी १, १९९५ देखि अगस्ट १०, २०१९ सम्मको अवधिमा एपस्टिनद्वारा यौन दुर्व्यवहार, शोषण वा तस्करीको सिकार भएको दाबी गरेका छन् । अगस्ट १०, २०१९ एपस्टिन जेलमा मृत भेटिएको मिति हो । प्रस्तावमा उल्लेख भएअनुसार यदि योग्य पीडितहरूको सङ्ख्या ४० वा सोभन्दा बढी पुग्यो भने सम्पत्तिले तीन करोड ५० लाख डलर भुक्तानी गर्नेछ, तर सङ्ख्या ४० भन्दा कम भएमा ५० लाख डलर तिर्ने व्यवस्था गरिएको छ ।

एपस्टिन सम्पत्तिका सह-कार्यकारीहरू उहाँका पूर्ववकिल ड्यारेन इन्डिक र पूर्व लेखापाल रिचर्ड कान हुनुहुन्छ । उहाँहरूले



एपस्टिनसँगको पेशागत सम्बन्धका आधारमा आफूहरूले कुनै पनि गलत कार्य नगरेको स्पष्ट पार्दै आउनुभएको छ र उहाँहरूमाथि कुनै आपराधिक अभियोग लगाइएको छैन । प्रस्तावित फैसलामा पनि सह-कार्यकारीहरूले गल्ती स्वीकार गरेको वा भविष्यमा थप कानूनी दाबीका लागि उत्तरदायी ठहरिने अर्थ नलाग्ने उल्लेख गरिएको छ ।

उक्त सहमतिले अन्तिम रूप लिनुअघि न्युयोर्कको सङ्घीय न्यायाधीशबाट स्वीकृति आवश्यक पर्नेछ । पीडित पक्षको प्रतिनिधित्व गरिरहेको कानूनी फर्म बोइज शिलर फ्लेक्सनर एलएलपीले तत्काल कति जना दाबीकर्ता सहभागी छन् भन्नेबारे टिप्पणी गर्न अस्वीकार गरेको छ । यद्यपि ब्लुमबर्ग न्युजले बिहीबार साँझ प्रकाशित गरेको प्रतिवेदनमा कम्तीमा ४० जना पीडितले अझै सम्पत्तिसँग अन्तिम समझदारी नगरेको उल्लेख गरिएको छ ।

सह-कार्यकारीहरूको पक्षमा वकालत गरिरहेका अधिवक्ता डेनियल एच. वेनरले पनि तत्काल प्रतिक्रिया दिनुभएको छैन । यसैबीच अमेरिकी न्याय मन्त्रालयले एपस्टिनमाथिको अनुसन्धानसँग सम्बन्धित लाखौँ कागजात, तस्बिर र भिडियो सामग्री सार्वजनिक गरेपछि यो मुआब्जा प्रस्ताव सार्वजनिक भएको हो ।

# सहकारीमा आवद्ध किसान दूध उत्पादनतर्फ आकर्षित

तनहुँ । व्यास नगरपालिका-१३ बेलबासका पशुपालन गर्दै आएका किसानले सुक्खा मौसमा पनि दूध उत्पादनमा वृद्धि गरेका छन् । दूधबाट राम्रै आम्दानी हुने देखेपछि यहाँका किसानले उत्साहित भएर गाईको सङ्ख्या थप्दै गएका छन् ।

बेलबास दुग्ध उत्पादक सहकारी संस्थामा आबद्ध १६१ मध्ये ४५ किसान व्यावसायिक रुपमा पशुपालनमा आवद्ध भएका छन् । यसअघि दैनिक एक हजार छ सय लिटर दूध बिक्री हुँदै आएकामा अहिले एक हजार सात सय लिटर दूध सङ्कलन भइरहेको संस्थाका व्यवस्थापक श्रीप्रसाद साँखीले जानकारी दिनुभयो छ ।

"अहिलेको सुक्खायाममा दूध उत्पादन घट्नुपर्ने तर वृद्धि हुँदै गएको छ," उहाँले भन्नुभयो, "मासिक रु १५ हजारदेखि रु दुई लाखसम्म आम्दानी हुने गरेको छ ।" उत्पादित दूध बेलबास दुग्ध उत्पादक सहकारी संस्थामार्फत दमौली र पोखराको सुजल डेरी प्रालिमा बिक्री गर्ने गरिएको छ । उत्पादन गरिएको दूध बिक्रीका लागि बजारको कुनै समस्या नभएपछि यहाँका किसान पशुपालनतर्फ आकर्षित भएका व्यवस्थापक साँखीको भनाइ छ ।

दमौली बजारमा सञ्चालनमा ल्याएको दुई पसलबाट दैनिक ७०० लिटर दूध खपत हुने गरेको छ, भने एक दिन बिराएर सुजल डेरीले दुई हजार लिटर दूध पोखरा लैजाने गरेको संस्थाका सचिव मेघनाथ आचार्यले बताउनुभयो । "दूध उत्पादन गर्नुका साथै पशुपालन गर्न चाहने किसानका लागि थप उत्प्रेरण जगाउने कार्य गरेको आभास भएको छ ।"

यस क्षेत्रका पशुपालन गर्ने किसानले अन्य व्यक्तिका लागि पनि परिश्रम गर्न सकिए केही हुँदोरहेछ भन्ने गतिलो सन्देश दिएका छन् । दूध बिक्रीबाट आएको पैसाले लेनदेन व्यवहारका साथै दैनिक घरखर्च चलाउन सजिलो भएको पशुपालक किसान बताउँछन् । किसानको खरिद मूल्यअनुरुप अहिले दैनिक रु एक लाख ३४ हजारको दूध सङ्कलन हुने गरेको छ । उनीहरुले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाटप्रति लिटर रु तीन र व्यास नगरपालिकाबाट रु दुई अनुदान सहकारीमार्फत पाउने गरेका छन् ।

व्यावसायिक रुपमा पशुपालन गर्ने किसानलाई राज्यले प्रोत्साहन गर्न दाना, चोकरको महँगी नियन्त्रण र उत्पादनका आधारमा अनुदानलाई प्राथमिकता दिन सके अझै प्रभावकारी हुन सक्ने संस्थाका अध्यक्ष केशवबहादुर थापाले बताउनुभयो । गाउँमै दुग्ध सङ्कलन केन्द्र रहेकाले किसानले दैनिक बिहान र बेलुका उत्पादन गरेको दूध बिक्री गर्न सहज भएको छ । नगरपालिकाले किसानलाई प्रोत्साहन गर्न उत्पादनका आधारमा अनुदान प्रदान गर्दै आएको वडाध्यक्ष वसन्तबहादुर आलेले बताउनुभयो । रासस

# मालढुङ्गा-बेनी सडक स्तरोन्नति सम्पन्न



म्याग्दी । म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने मालढुङ्गा-बेनी सडक स्तरोन्नति भएकोछ। चीन र भारत जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर (बेनी-जोमसोम-कोरला) सडक योजनामार्फत मालढुङ्गा-बेनी सडकलाई दुई लेनको ११ मिटर फराकिलो बनाएर अक्सफाल्ट प्रविधिको कालोपत्र गरिएको हो ।

पर्वतको कुश्मा नगरपालिका-१ मालढुङ्गादेखि जलजला गाउँपालिका-८, ७, ४ र ३ नं वडा हुँदै म्याग्दी सदरमुकाम बेनी जोड्ने १३ किलोमिटर सडक दुई लेनको बनाएर कालोपत्र गर्न २०७७ साल चैतमा एपेक्स-खड्का-कृष्ण जेभीले २०७७ चैतमा रु ५२ करोड ८६ लाखमा ठेक्का सम्झौता गरेको थियो ।

तेह्र किलोमिटर दूरीको सडकमध्ये ९६० मिटरबाहेकका ठाउँमा कालोपत्र र ढलान सकिएको आयोजना प्रमुख तेजस्वी शर्माले बताउनुभयो । "ढलान र कालोपत्र सकिएको सडकमा रङरोगन र सुरक्षा पूर्वाधार राख्ने काम भइरहेको छ", उहाँले भन्नुभयो, "वारीबेनीको ७६० मिटर, केराबारी र फर्से पहिरोमा एक-एक सय मिटर सडकलाई ठेक्काबाट हटाइएको छ ।"

वारीबेनीमा बस्तीको बीचमा सडक विस्तार गर्न घरधनीहरूको अहसमति तथा फर्से र केराबारीमा पहिरोका कारण ठेक्काबाट हटाउनुपरेको योजना प्रमुख शर्माले बताउनुभयो । विसं २०७९ मा सम्पन्न गर्ने लक्ष्य थियो । सडक निर्माण कोरोना महामारी, बाढीपहिरो, नदीजन्य निर्माण सामग्रीको अभावका कारण देखाएर सहायक ठेकेदार ओमकारेश्वरले अलपत्र बनाएको योजनालाई पूर्णता दिन एक वर्षअघि मुख्य ठेकेदार कार्यक्षेत्रमा आएका थिए ।

यसअघि गत वर्ष मालढुङ्गा-फर्से खण्डमा तीन किलोमिटर ३०० मिटर कालोपत्र र दुई किलोमिटर २०० मिटर ढलान भएको थियो । गत मङ्सिर पहिलो सातादेखि सुरु भएको लस्ती-बेनी खण्डको छ किलोमिटर ५०० मिटर सडक कालोपत्र गर्ने काम सकेर प्राविधिक टोलीबाट नापजाँच भइरहेको निर्माण कम्पनीका इन्जिनियर जीवन चौधरीले बताउनुभयो ।

यो सडकमा म्याग्दी, मुस्ताङ र पर्वतको जलजला गाउँपालिकाका स्थानीय बासिन्दाका साथै पर्यटक र तीर्थयात्री आवतजावत गर्छन् । 'कामका लागि खाद्यान्न' कार्यक्रमअन्तर्गत २०५२ सालमा मार्ग खुलेको मालढुङ्गा-बेनी सडक बेनी सडक २०६८ सालमा एकतर्फी कालोपत्र भएको थियो । मुस्ताङ र कोरलानाका सडक सञ्जालमा जोडिएपछि यातायातका साधनको चाप बढ्दा साँघुरो यो सडक पछिल्लो समय जीर्ण बनेको थियो ।

यातायात व्यवसायी बुद्धि पुनले मालढुङ्गा-बेनी सडकमा यात्रा गर्दा यसअघि एक घण्टाको यात्राअवधि स्तरोन्नतिपछि १५ देखि २० मिनेटमा छोटिएको बताउनुभयो ।

"पछिल्लो पाँच वर्षयता पोखरा-बेनी आवतजावत गर्न बेनीदेखि रत्नेचौर बागलुङ हुँदै मालढुङ्गा जोड्ने घुमाउँरो वैकल्पिक सडकको यात्रा गर्दै आएका थियौँ", उहाँले भन्नुभयो, "घुमाउरो सडकमा यात्रा गर्नुपर्ने समस्या हट्नुका साथै यात्राअवधि पनि छोटिएको छ ।"

जलजला गाउँपालिका-७ मिलनचोकका बासिन्दा बाबुराम कार्कीले सडक कालोपत्र भएपछि धुलो र हिलोमा जोखिम तथा कष्टपूर्ण यात्रा गर्नुपर्ने अवस्थाको अन्त्य भएको बताउनुभयो ।रासस

# मुख्य याममा सौराहामा पर्यटक घटे



चितवन । विगतका वर्षमा यतिबेला सौराहाका होटल ८० प्रतिशत हाराहारी भरिने गरेका थिए । यस वर्ष यतिबेला आधा हाराहारी मात्र पर्यटक यहाँ आएका छन् । मुख्य याममा पर्यटक नआउँदा व्यवसायीमा निरासा छाएको छ । क्षेत्रीय होटल सङ्घ चितवनका अध्यक्ष ओमप्रकाश पाण्डे फेब्रुअरी, मार्च र अप्रिल महिना सौराहाको मुख्य पर्यटकीय मौसम भएको बताउनुहुन्छ ।

गत वर्ष यतिबेला होटलका ८० प्रतिशत कोठा भरिने गरेका उल्लेख गर्दै यस वर्ष ५० प्रतिशतभन्दा कम कोठा बुक भएका उहाँको भनाइ छ ।

अध्यक्ष पाण्डेले भन्नुभयो, "एकदमै राम्रो पर्यटकीय याममा पनि किन पर्यटक आएनन् हामी सोचमग्न छौँ ।" यो बेलामा चितवन राष्ट्रिय निकुञ्जमा ढड्डी फाँडेर टाढासम्म देखिने भएकाले सजिलै वन्यजन्तु हेर्न सकिन्छ । मौसमका हिसाबले पनि गर्मी र जाडो दुबै नहुने भएकाले सबैका लागि उपयुक्त यही समय हो । सबै हिसाबले राम्रो भए पनि विदेशी पर्यटक न्यून मात्र आउँदा व्यवसाय प्रभावित भएको उहाँको भनाइ छ । सौराहामा मात्र नभएर देशभरको अवस्था उस्तै रहेको अध्यक्ष पाण्डेले बताउनुभयो ।

उहाँले भन्नुभयो, "पर्यटक नआउनुको कारण खोज्नुपर्ने भएको छ ।"सङ्घका उपाध्यक्ष गुणराज थपलिया निर्वाचनका कारण विदेशी पर्यटक नआउँदा सौराहामा पर्यटकको सङ्ख्यामा कमी आएको बताउनुहुन्छ । निर्वाचनपछि पर्यटक बढ्ने उहाँले अपेक्षा गर्नुभयो । होटल व्यवसायी सुमन घिमिरे निर्वाचनको मुखमै पर्यटकको आगमनमा कमी आएको बताउनुहुन्छ । विशेष अवस्थामा निर्वाचन हुन लागेको उल्लेख गर्दै उहाँले अन्तरराष्ट्रिय जगतमा यहाँको अवस्था शान्तिपूर्ण छ भन्ने सन्देश पुग्न जरुरी भएको बताउनुभयो ।

युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडा गत वर्ष यतिबेला दैनिक चार खेप गर्ने हात्तीले अहिले एक खेप मात्र गर्ने गरेको बताउनुहुन्छ। पर्यटकको आगमनमा कमी आएपछि व्यावसायिक रुपमा पालिएका हात्तीका सञ्चालक प्रभावित भएका छन् । रेष्टुरेन्ट व्यवसायीसमेत रहनुभएका खतिवडाका अनुसार पर्यटक नआएपछि सौराहाका रेष्टुरेन्टमा प्रत्यक्ष प्रभाव परेको छ । मुख्य मौसममा पर्यटक घटेपछि पर्यटकीय गतिविधिमा काम गर्ने समग्र व्यवसाय प्रभावित भएको उहाँले बताउनुभयो । बनबास रिसोर्टका महाप्रबन्धक प्रकाश न्यौपाने सौराहामा यो मौसममा पर्याप्त पर्यटक आउने भए पनि यस वर्ष कमी आएको बताउनुहुन्छ । होटल क्षेत्रमा लामो अनुभव सगाल्नु भएका उहाँले पर्यटक आउनेमा आशावादी हुनुहुन्छ ।

सौराहामा १४८ होटल छन् । जहाँ सात हजार २०० पर्यटक अट्ने क्षमता छ । यस क्षेत्रमा प्रत्यक्ष रुपमा ६ हजार ४०० जनाले रोजगारी पाएको छ । अप्रत्यक्ष रोजगारी पाउनेको सङ्ख्या १२ हजारभन्दा बढी छ । चितवन राष्ट्रिय निकुञ्ज र आसपासका सामुदायिक वनमा दुर्लभ एक सिङ्गे गैँडा, पाटेबाघ, घडीयाल गोहीलगायतका दुर्लभ वन्यजन्तु र चराचुरुङ्गी हेर्न यहाँ स्वदेशी तथा विदेशी पर्यटक आउने गर्दछन् । यसका अतिरिक्त सौराहामा थारु संस्कृति पनि पर्यटकका लागि रुचिकर बन्दछ । यसका साथै नेपालका विभिन्न सङ्घ संस्था कार्यक्रम गर्न सौराहा आउँछन् भने भारतीय नागरिक बढी मात्रामा यहाँ आउने गर्छन् ।रासस

"एकदमै राम्रो पर्यटकीय याममा पनि किन पर्यटक आएनन् हामी सोचमग्न छौं ।"

# बागमती प्रदेश सरकारका बहुवर्षीय योजनाको काम धमाधम



बागमती । बागमती प्रदेश सरकारको बहुवर्षीय योजनाअन्तर्गत सहरी विकास तथा भवन कार्यालय हेटौँडाद्वारा मकवानपुर र चितवनमा सञ्चालित आधा दर्जन योजनाको काम सम्पन्न भएको छ ।

निर्धारित समयमा योजनाहरु सम्पन्न गर्न कार्यालयले नियमित अनुगमन र निगरानी बढाएपछि बहुवर्षीय योजनाको काम सम्पन्न भएको हो । कार्यालय मकवानपुरका प्रमुख इञ्जिनियर भुपेन्द्रकुमार यादवले हेटौँडा अस्पतालको भवन निर्माणकार्य सम्पन्न भई हस्तान्तरणका क्रममा रहेको जानकारी दिनुभयो । गत २०८१ असार मसान्तसम्म समयावधि भए पनि अस्पतालले जग्गाको व्यवस्थापनमा ढिलाइ हुँदा केही बढी समय लागेको उहाँले बताउनुभयो ।

उक्त कार्यालयको बहुवर्षीय योजनाअन्तर्गत चितवनमा निर्माणाधीन भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय भवन निर्माणको काम आर्थिक वर्ष २०८१/८२ मा सम्पन्न भइसकेको छ । यस्तै, प्रदेश सरकारको बहुवर्षीय योजनाअन्तर्गत सहरी विकास तथा भवन निर्माण कार्यालयको भवन निर्माण सम्पन्न भएको छ । हाल उक्त भवनमा जेनजी आन्दोलनपश्चात् बागमती प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालय अस्थायी रूपमा सञ्चालनमा छ ।

चितवनका भरतपुर महानगरपालिका-२२ स्थित कमलपोखरी संरक्षण तथा सौन्दर्यीकरणको काम पनि सम्पन्न भएको प्रमुख यादवले जानकारी दिनुभयो । उहाँका अनुसार हेटौँडाको रातमाटे पावरहाउस चौक कमाने-भोर्ले सडकमा ढलानको काम सम्पन्न भएको छ ।

यस्तै, बागमती प्रदेश सरकारको बहुवर्षीय योजनाअन्तर्गत चालु आर्थिक आर्थिक वर्षमा ठेक्का लागेको हेटौँडा उपमहानगरपालिकास्थित अड्डा मार्गमा फुटपाथ निर्माण, हेटौँडा उपमहानगरपालिका-१० मा स्ट्रिट फुड पार्क, चितवनस्थित कृषि विकास कार्यालयको भवन, चितवनको खैरेनीस्थित सबडिभिजन वन कार्यालय भवन र चितवनस्थित गोले पार्कको काम तीव्र रूपमा भइरहेको कार्यालय प्रमुख यादवले बताउनुभयो।

चितवनको राप्ती-१२ मा निर्माणाधीन नौलापुर एकीकृत बस्ती पूर्वाधार निर्माण, चितवनको भरतपुर-२ स्थित मितेरी टोलदेखि नमस्ते पार्कसम्म ढलानको काम ५५ प्रतिशत सम्पन्न भएको र बाँकी काम तीव्र रुपमा भइरहेको उहाँले जानकारी दिनुभयो । यसैगरी मकवानपुरको थाहा नगरपालिका-९ स्थित ऐतिहासिक धनदेव गोले पार्क भौतिक पूर्वाधार निर्माण, चितवनको बङ्खुलर रत्ननगर अस्पताल मातृशिशु भवन निर्माणको काम ७० प्रतिशत सम्पन्न भएको छ ।

चितवनको माडी-८ मा निर्माणाधीन मध्यवर्ती 'होमस्टे' सांस्कृतिक सामुदायिक भवन निर्माणको ७० प्रतिशत काम सम्पन्न भएको र चालु आवमा बजेट नहुँदा काम रोकिएको प्रमुख यादवको भनाइ छ ।रासस

# सुनको मूल्य स्थिर, चाँदीको मूल्य घट्यो



काठमाण्डु । शुक्रबार स्थानीय बजारमा बिहीबारको तुलनामा सुनको मूल्य स्थिर छ भने चाँदीको मूल्य रु १० ले घटेको छ । नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार शुक्रबार एक तोला छापावाल सुनको मूल्य तीन लाख चार हजार ७०० र एक तोला चाँदीको मोल रु पाँच हजार ५० निर्धारण भएको छ ।

हिजो बिहीबार एक तोला छापावाल सुनको मूल्य रु तीन लाख चार हजार ७०० र एक तोला चाँदीको मोल रु पाँच हजार ६० कायम भएको थियो । अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार शुक्रबार अन्तरराष्ट्रिय बजारमा एक औँस सुन चार हजार ९९२ अमेरिकी डलर तथा त्यति नै परिमाणको चाँदी ७८ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।रासस


## मालपोत कार्यालय ढल्केबर, धनुषा
## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सम प्रसाद महतो सुडीको नाति ब्रम्हदेव महतो सुडी भन्ने देव साह सुडीको छोरा जिल्ला धनुषा सबैला नगरपालिका वडा नं.२ बस्ने जोग नारायण महतो सुडी र राम नारायण महतो सुडीले तपसिलमा उल्लेखित जग्गा मेरो नाताको बाबु देव साह सुडीको नाममा छुट जग्गा दर्ता/छुट जग्गा नामसारी दर्ता गरी पाउँ भनि द.नं.२६६५ मिति ०८१।१२।०३ को निवेदनबाट माग दाबी गरेकोले माग बमोजिम निवेदकको नाममा छुटजग्गा/छुट जग्गा नामसारी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए.वा ब्रम्हदेव महतो सुडी र देव साह सुडी फरक व्यक्ति हुन भन्ने कुनै आधार प्रमाण भए वा सरकारी सार्वजनिक सम्पत्तिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफ्ना सबुत प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला । अन्यथा कानुन बमोजिम भइजाने व्यहोरा जानकारी गराइन्छ ।

तपसिल

| जिल्ला | गा.बि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| धनुषा | लबटोली | ९। क | ३ | २-०-१०-० |
| धनुषा | लबटोली | ९। क | ३ | २-९-९-० |



## मालपोत कार्यालय, ढल्केवर, धनुषा
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

अर्जुन प्रसाद श्रेष्ठको नाति नकुल दास श्रेष्ठ भन्ने नकुल प्रसाद श्रेष्ठको छोरा जिल्ला धनुषा गणेशमान चारनाथ नगरपालिका वडा नं. ५ बस्ने ध्रुव काजी श्रेष्ठले तपसिलमा उल्लेखित जग्गा मेरो नाताको बाबु नकुल दास श्रेष्ठ भन्ने, नकुल प्रसाद श्रेष्ठको नाममा छुट जग्गा दर्ता/छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनि द.नं.६०२ मिति ०८१।०५।२४ को निबेदनबाट माग दाबी गरेकोले माग बमोजिम निवेदकको नाममा छुटजग्गा/छुट जग्गा नामसारी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा नकुल दास श्रेष्ठ र नकुल प्रसाद श्रेष्ठ फरक व्यक्ति हुन भन्ने कुनै आधार प्रमाण भए वा सरकारी सार्वजनिक सम्पत्तिको हानी नोक्सानी हुने भए ठोस सवुत प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफ्ना सबुत प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला। अन्यथा कानुन बमोजिम भइजाने व्यहोरा जानकारी गराइन्छ ।

तपसिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| धनुषा | तल्लो गोदार | २। क | १२५ | ०-१६-५-० |



## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा गा.वि.स. सुगामधुकरही वडा नं. ६ हाल परिवर्तित हँसपुर न.पा. वडा नं. ४ मा बस्ने रुपी राउत भेडिहरको नाती कपुरचन राउतको छोरा लछन राउत भेडिहरले आगे मेरो बुवा मुनाई भन्ने कपुरचन राउतको नाउँमा जग्गा सर्वे नापी हुँदा जिल्ला धनुषा गा.वि.स. सुगामधुकरही वडा नं. ६ कि.नं. १४० क्षे.फ. ०-१-१५ जग्गा आफु नापीको समयमा उपस्थित नभएको कारणले दर्ता छुट हुन गई जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउन नसकेकोमा बुवा कपुरचन राउतको मिति २०३२ सालमा र आमा रामपरि देवी भेडिहरको मिति २०३४ सालमा आ-आफ्नै कालगतीले परलोक भई निजहरुको हकभोग अपुताली खाने एकमात्र छोरा म निवेदक लछन राउत भेडिहर रहेकोमा मेरो नाउँमा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी लछन राउत भेडिहरको द.नं. १२३३४ मिति २०८२/१०/०९ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/११/०१ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दावी बमोजिम निवेदकहरुको नाममा छुट जरगा दर्ता दा.खा. गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

तपसिल

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | सुगामधुकरही | ६ | १४० | ०-१-१५ | कैफियत महलमा यो जग्गा मुनाईको नम्बरी हो । सही किसुन साहु |



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय बर्दिबास, महोत्तरीको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/११/१० गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

**ऋणीको विवरण**

भिखारी राय यादवको बुहारी, विरेन्द्र यादवको पत्नी, महोत्तरी जिल्ला, साविक औरही न.पा./गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, औरही न.पा./गा.पा. वडा नं. २ बस्ने **वविता देवी यादव** (ना.प्र.नं. १८३०६४/६१७, जारी मिति २०६३/१०/२४, जि.प्र.का. महोत्तरी) ।

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. सोन्फी यादवको नाति, भिखारी राय यादवको छोरा, महोत्तरी जिल्ला, साविक औरही न.पा./गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. २ बस्ने **विरेन्द्र यादव** (ना.प्र.नं. ०३३५२८७७ जारी मिति २०५२/०८/०४, जि.प्र.का. महोत्तरी) । | २. भिखारी राय यादवको नातिनी, विरेन्द्र यादवको छोरी, महोत्तरी जिल्ला, औरही न.पा वडा नं. २ बस्ने **निशा यादव** (ना.प्र.नं. १८२०६४/१८५६ जारी मिति २०७५/०१/३०, जि.प्र.का. महोत्तरी) । |

३. भिखारी राय यादवको नाति, विरेन्द्र यादवको छोरा, महोत्तरी जिल्ला, औरही न.पा वडा नं. २ बस्ने **हिमांसु कुमार यादव** (ना.प्र.नं. १८२०६४/२११३ जारी मिति २०७५/०७/२९, जि.प्र.का. महोत्तरी) ।

**धितोको विवरण**

१. वविता देवी यादव (ना.प्र.नं. १८३०६४/६१७ जारी मिति २०६३/१०/२४, जि.प्र.का. महोत्तरी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको, महोत्तरी जिल्ला, साविक विजलपुरा गा.वि.स., वडा नं ४, नक्सा सिट नं ४ख स्थित कि.नं. ५८८ को क्षेत्रफल ०-०-१५-० (बि-क-धु) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. वविता देवी यादव (ना.प्र.नं. १८३०६४/६१७ जारी मिति २०६३/१०/२४, जि.प्र.का. महोत्तरी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको, महोत्तरी जिल्ला, साविक २५ नं. बहादुरगंज गा.वि.स वडा नं १, नक्सा सिट नं १ग, स्थित कित्ता नं १७८० को क्षेत्रफल ०-०-५ (बि-क-धु) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

Siddhartha Bank

शाखा कार्यालय : बर्दिबास, महोत्तरी
फोन नं. ०४४-५५०६४०
Website: www.siddharthabank.com

# संघीयता कांग्रेसले मात्रै जोगाउन सक्छ : यादव



टुडे समाचारदाता

जनकपुरधाम । नेकपा एमालेका जनकपुरधाम वडा नम्बर ९ का सचिव रंजित साह, जनकपुर पावर जिमका संचालक र रत्न कर्ण लगायत करीब दुई दर्जन नेता कार्यकर्ता नेपाली कांग्रेसमा प्रवेश गरेको छ।

कांग्रेसका पूर्व सह महामन्त्री एवं धनुषा ४ का उम्मेदवार महेन्द्र यादवले उनीहरुलाई फुलमाला र टीका लगाई पार्टी प्रवेश गराएका छन्।

पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै नेता यादवले नेपाली कांग्रेसको जीत भए मात्रै देशमा संघीयता बाच्न सक्ने दाबी गरे। उनले भने देशमा जब जब संकट पर्‍यो नेपाली कांग्रेसले अहम भूमिका निर्वाह गरेको छ। अहिले पनि देश गम्भीर संकटको मोडमा पुगेको छ त्यसबाट उन्मुक्ति दिने पार्टी एकमात्र नेपाली कांग्रेस रहेको छ।

नेपाली कांग्रेसले देशमा संविधान निर्माणदेखि संघीयता ल्याउनमा प्रमुख भूमिका निर्वाह गरेकाले अहिले यी दुवै संकट स्थितिमा परेकाले यसबाट बचाउन नेपाली कांग्रेसको नेतृत्वमा सरकार बनाउन अत्यधिक संख्यामा जिताउन आग्रह उनले गरे।

## जनकपुरधाम साहित्य नाट्य महोत्सव सम्पन्न

# कोषको योगदान प्रशंसनीय : प्रदेश प्रमुख लाभ

टुडे समाचारदाता

जनकपुरधाम । गत फागुन ५ गतेदेखि जनकपुरधाममा आयोजित चार दिवसीय 'जनकपुरधाम साहित्य, कला तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सव' सम्पन्न भएको छ।

मैथिली भाषा, साहित्य र संस्कृतिको विकास तथा संवर्द्धनको उद्देश्यले मैथिली विकास कोषद्वारा जनकपुरधाममा आयोजित साहित्य, कला तथा अन्तर ष्ट्रिय नाट्य महोत्सव मा विद्यालयस्तरीय मिथिला चित्रकला, कविता, वक्तृत्वकला, लोकनृत्य प्रतियोगितासहित सांस्कृतिक कार्यक्रम, नाटक मंचन र विभिन्न विधामा विमर्श लगायतका कार्यक्रम आयोजना गरिएको थियो।

समापन सत्रलाई सम्बोधन गर्दै प्रमुख अतिथि मधेश प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले भने साहित्य, कला र नाटक कुनैपनि समाजको सभ्यताको प्राण हुन। मैथिली विकास कोषद्वारा आयोजना हुँदै आएको साहित्य, कला तथा अन्तराष्ट्रिय नाट्य महोत्सवले समाजको सभ्यतामा ठूलो योगदान पुऱ्याइरहेको छ।

उनले जनकपुरधाम केवल एउटा शहर मात्र होइन, यो आफैंमा एउटा जीवित संग्रहालय र चिन्तनको पाठशाला हो। कोषले आयोजना गर्दै आएको अन्तराष्ट्रिय महोत्सवले हाम्रो मधेशको मौलिक संस्कृति, अनुभूति र पर्यटनको सम्भावनालाई विश्वसामु पुऱ्याउँदै आएको योगदान निकै प्रशंसनीय रहेको भनी प्रसंशा गरे।

महोत्सवको क्रममा शुक्रवार कविता वाचनसहित विभिन्न प्रतियोगितामाउत्कृष्ट बनेकाहरुलाई पुरस्कार वितरण गरिएको र लेबर सोल्जर विषयमा सम्बन्धित विज्ञहरुसँग विमर्श गरिएको आयोजक पक्षले जनाएको छ।

यसअघि बुधवार मिथिला चित्रकला र लोकनृत्व प्रतियोगितासहित विमर्श र नाटक मंचन, बिहीवार विद्यालयस्तरीय मिथिला चित्रकला र वक्तृत्वकला प्रतियोगितासँगै विविधि विषयमा विमर्श र नाटकसहित सांस्कृतिक कार्यक्रम सम्पन्न भएको कोषका अध्यक्ष जीवनाथ चौधरीले जानकारी दिएका छन्।




महोत्सवले जनकपुरधामको बहुआयामिक सांस्कृतिक सम्पदालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउने लक्ष्य लिएको भन्दै उनल भने 'विभिन्न जातजाति र समुदायका सांस्कृतिक झल्को प्रस्तुत गरी हाम्रो मौलिक पहिचानलाई सशक्त बनाउने प्रयास गरेका छौं।'

महोत्सव अन्तर्गत साहित्यिक गोष्ठी, कविता वाचन, पुस्तक विमोचन, चित्रकला प्रदर्शनी, नाटक मञ्चन तथा अन्तरक्रिया कार्यक्रमहरू आयोजना भइरहेको छ र त्यसमा स्थानीयदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका कलाकार, साहित्यकार र रंगकर्मीहरूको सहभागिता रहेको थियो।

उनका अनुसार शुक्रवार सुगम प्रदेशमे दुर्लभ शिक्षा र लेवर सोल्जर विषयमा विमर्श गरिएको छ भने महोत्सव अवधिभरि छुतहा घैल, कथा नइ भेटल, जटजटिन, देसिल बयना र बहुरुपिया विषयमा नाटक मञ्चनसहित मिथिला भोजन तथा पुस्तक प्रदर्शनी समेत भएको छ।

बिहीवार पुस्तक चर्चा – जनकपुरधामके इतिहास, चित्रकला/हस्तकला : भितासँ आकाश धरि, भाषा : हिमालयसँ गंगा धरि, फिल्म : बाइस्कोप, नेपालीय मैथिली साहित्यक प्रवृति, जनकपुर गाथा : संस्मरण शब्दाञ्जली, दलित सीमान्तक स्वर लगायतका विषयमा विमर्श गरिएको थियो।

यस्तै फागुन ५ गते उठलै किए बिहाडि, फागुन ६ गते मैथिलीमे अख्यान लेखन, पग पग पोखरि, पियासल लोक, भाषा : राजकाज आ समाज, मैथिली साहित्यक समकाल, स्त्रीवाद/गार्गीक दलानपर विषयक शिर्षकमा विमर्श गरिएको थियो।

मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीलेको अध्यक्षतामा भएको समापन कार्यक्रममा, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साह, कोषका सदस्य नित्यानन्द मण्डल, सदस्य सचिव श्यामसुन्दर शशी, पूर्व मन्त्री रामसरोज यादव लगायतले महोत्सवको उपलब्धि बारे धारणा राखेका थिए।

# दक्षता अभावले कामदारलाई सास्ती

टुडे समाचारदाता

जनकपुरधाम । सीपमूलक दक्षता अभावका कारण कामदारहरुलाई निकै सास्ती भोग्नु परिरहेको कुरामा वक्ताहरुले जोड दिएका छन।

शुक्रवार मैथिली विकास कोषद्वारा आयोजित चार दिने जनकपुरधाम साहित्य, कला तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सव अन्तर्गत लेबर सोल्जर विषयक विमर्श कार्यक्रममा वक्ताहरुले यस्तो बताएका हुन्।

सीप र दक्षता अभावले वैदेशिक रोजगारमा रहेका कामदारहरुको रोजगारी र सुरक्षाको प्रत्याभूति हुन नसकेकाले राज्य पक्षले यसमा गम्भीर हुनुपर्ने उनीहरुले बताए। यी समस्या वैदेशिक रोजगारमा मात्र मात्र नभई स्वदेशमा समेत गम्भीर समस्याको रुपमा रहेको समेत बताए।

यी बाहेक वैदेशिक रोजगारमा मैनपावरहरुबाट ठगी, नक्कली प्रमाणपत्र लिएर जाने, रोजगारमा गएपछि भने अनुसार काम नदिई आवश्यकताभन्दा बढी भारी काम दिने लगायतका समस्या पनि उतिकै रहेकाले राज्य पक्षले कामदार पठाउंदा के कस्ता प्रकृति काममा पठाइएको बारे समयमै निगरानी गर्नु आवश्यक रहेकोमा जोड वक्ताहरुले दिए।

कार्यक्रममा उपस्थित वक्ताहरुले राज्यको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याइ रहेका वैदेशिक रोजगारका कामदारहरुको असमायिक मृत्यु हुने संख्या वर्षेणी बढ्दै जानु चिन्ताको विषय रहेको छ। सरनकारले यस कुराप्रति समयमै कुनै ठोस कदम नबढाए आगामी दिनमा भयावह स्थिति श्रृजना गर्न सक्ने बारे सचेत गराए।

कार्यक्रममा कार्यक्रम संचालक वरिष्ठ पत्रकार बृजकुमार यादवले देशमा कामदारको अवस्था र वैदेशिक रोजगारमा रहेकाहरुको समस्या बारे अवगत गराउँदै धनुषासहित मधेश प्रदेशबाट वैदेशिक रोजगारमा गएकाहरुको तथ्यांक प्रस्तुग गरेका थिए।

कार्यक्रममा राजर्षि जनक विश्वविद्यालयका अमर यादव, निती तथा योजना आयोगका पूर्व उपाध्यक्षद्वय डा. भोगेन्द्र झा र डा. सोहन साह, राकेश रंजन, डा. सुर्यनाथ मिश्रले लेबर सोल्जरको अवस्था चित्रण गर्दै राज्यले गर्न सक्ने उपाय बारे धारणा राखेका थिए।

# रास्वपाका चौधरी राष्ट्रिय एकता दलमा प्रवेश



टुडे समाचारदाता

वीरगञ्ज। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का बारा जिल्ला सह-सचिव एवं संगठन विभाग प्रमुख पवन चौधरीले पार्टी परित्याग गरी राष्ट्रिय एकता दलमा प्रवेश गरेको छ।

बारामा रास्वपाको सांगठनिक विस्तारमा महत्त्वपूर्ण भूमिका खेल्दै आउनुभएका चौधरीको बर्हिगमनलाई जिल्लाको राजनीतिमा अर्थपूर्ण रूपमा हेरिएको छ।

गत प्रतिनिधि सभा निर्वाचनमा बारा निर्वाचन क्षेत्र नम्बर ४ बाट रास्वपाको उम्मेदवार बन्नुभएका चौधरीले ७ हजार मत प्राप्त गरी बलियो उपस्थिति जनाएका थिए। क्षेत्रमा राम्रो जनमत र युवाहरूमाझ लोकप्रियता रहेका उहाँको प्रवेशले राष्ट्रिय एकता दललाई बारामा थप मजबुत बनाउने अपेक्षा गरिएको छ।

पार्टी प्रवेश कार्यक्रममा बोल्दै चौधरीले रास्वपाको पछिल्लो कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गर्दै देशको वास्तविक एकता र विकासका लागि नयाँ यात्रा सुरु गरेको बताए। उनीसँगै रास्वपाका केही स्थानीय कार्यकर्ताहरू पनि राष्ट्रिय एकता दलमा प्रवेश गरेका छन्।

# बालिकाको सकुशल उद्धार

टुडे समाचारदाता

राजविराज । अपहरित बालिकाकालाई सप्तरी प्रहरीले सकुशल उद्धार गरेको छ भने सो घटनामा संलग्न एक युवकलाई पक्राउ समेत गरेको छ।

मंगलवार साँझदेखि अपहरणमा परेकी खड्क नगरपालिका-८ बिसनपुर निवासी ७ वर्षीया नेहा खातुनलाई प्रहरीले सकुशल अपहरणमुक्त गर्न सफल घटनामा संलग्न एक जनालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीका अनुसार बालिकालाई अपहरण गरी फिरौती माग्ने आरोपमा सोही पालिकाको वडा नम्बर ९ लालपट्टीका ३० वर्षीय इम्तियाज अहमदलाई पक्राउ गरिएको छ।




रुपनी गाउँपालिका-१ स्थित खाँडो क्षेत्रबाट इलाका प्रहरी कार्यालय कल्याणपुरबाट प्रहरी निरीक्षक संजीब बोगटी र प्रहरी चौकी बिसनपुरबाट प्रहरी सहायक निरीक्षक हरेन्द्र प्रसाद यादवको कमाण्डमा खटिएको संयुक्त टोलीले घटनामा संलग्न अहमदलाई पक्राउ गरेको थियो।

उनकै बयानको आधारमा सोही स्थानबाट बालिकाको पनि उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक गौतम कुमार केसीले बताएका छन्। घरबाट हराएकी बालिकाको खोजीका लागि परिवारले प्रहरीमा उजुरी दिएपछि अनुसन्धान सुरु गरिएको थियो।

अनुसन्धानका क्रममा अभियुक्त अहमदले बालिकाका बुवा इमरान खानलाई फोन गरी फिरौती रकमसहित रुपनी गाउँपालिका-१ स्थित खाँडो खोलामा आउन भनेपछि मोबाइल ट्रैकिंगको आधारमा उनलाई पक्राउ गरिएको केसीले जनाएको छ।

पक्राउ परेका अहमदविरुद्ध अपरहण तथा शरीर बन्धक र मानव वेच बिखन तथा ओसार पसार मुद्दामा अनुसन्धान प्रक्रिया अघि बढाइएको छ।

# चैत ८ गतेदेखि कक्षा ८ को परीक्षा

टुडे समाचारदाता

जनकपुरधाम । शैक्षिक सत्र २०८२ का लागि आधारभूत तह उत्तीर्ण (कक्षा ८) को वार्षिक परीक्षा तालिका जनकपुरधाम उपमहानगरपालिकालेसार्वजनिक गरेको छ।

आधारभूत तह उत्तीर्ण परीक्षा समितिको फागुन ६ गतेको निर्णय अनुसार परीक्षा आगामी चैत ८ गतेदेखि सञ्चालन हुने जनाइएको छ। नगर कार्यपालिकाको कार्यालयले जारी गरेको सूचनामा परीक्षा बिहान ८ बजेदेखि १० बजेसम्म सञ्चालन हुने जनाइएको छ।

सामुदायिक तथा संस्थागत विद्यालयका सबै विद्यार्थीहरूका लागि लागू हुने गरी तालिका सार्वजनिक गरिएको हो। तालिकाअनुसार चैत ८ गते गणित विषयबाट परीक्षा सुरु हुनेछ।



चैत ९ गते सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा, चैत १० गते अंग्रेजी, चैत १२ गते विज्ञान तथा प्रविधि र चैत १५ गते नेपाली विषयको परीक्षा सञ्चालन गरिनेछ।

त्यसैगरी, चैत १६ गते साधारणतर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयको परीक्षा हुनेछ भने संस्कृत तर्फ संस्कृत भाषा तथा व्याकरणको परीक्षा हुनेछ।

# बस दुर्घटनामा ९ घाइते

टुडे समाचारदाता

रौतहट। रौतहटको सदरमुकाम गौरमा भएको यात्रुवाहक बस दुर्घटनामा परी ९ जना यात्रु घाइते भएको छ। गौर नगरपालिका-४ स्थित दाल मिल नजिक गौर-चन्द्रनिगापुर सडक खण्डमा भएको उक्त दुर्घटनाले केही समय स्थानीय क्षेत्रमा त्रासको वातावरण सिर्जना गरेको थियो।

चन्द्रनिगाहपुरबाट गौरतर्फ आइरहेको गरेको ना ८ ख ८७७३ नम्बरको बस बिहान करिब ११:३० बजे अनियन्त्रित भई सडकछेउमा रहेको विद्युतको पोलमा ठोक्किएपछि दुर्घटनाग्रस्त भएको प्रहरीले जनाएको छ। दुर्घटनाका बेला बसमा करिब ४० जना यात्रु सवार थिए।

दुर्घटनामा घाइते हुनेहरूमा गढीमाई नगरपालिका-१ का ३२ वर्षीय रञ्जय यादव, यमुनामाई गाउँपालिका-३ मलहनियाका ४२ वर्षीय विनोद बैठा, गरुडा नगरपालिका-४ का २६ वर्षीय निरज कुमार गुप्ता, कलैया उपमहानगरपालिका-१ का ३० वर्षीय नुर महम्मद, हेटौंडा उपमहानगरपालिका-४ की ४२ वर्षीया सुनिता केशरी रहेका छन्।




त्यसैगरी भारतको सितामढी जिल्ला का ६० वर्षीय लसिभ सहनी, गमडिया जिल्लाका ४४ वर्षीय देव नारायण बैठा, २० वर्षीय सुभम कुमार बैठा तथा शिवहर जिल्ला का ५५ वर्षीय ललन साह पनि घाइते भएका छन्।

प्रहरीका अनुसार अधिकांश घाइतेको अवस्था सामान्यदेखि मध्यम रहेको छ। उनीहरूलाई उपचारका लागि प्रादेशिक अस्पताल गौर पठाइएको छ भने केही घाइतेलाई थप उपचारका लागि आँखा अस्पताल पुरेनवा र वीरगञ्जतर्फ रेफर गरिएको छ।

जिल्ला प्रहरी प्रवक्ता विष्णु प्रदीप बस्यालका अनुसार दुर्घटनापछि जिल्ला प्रहरी कार्यालय रौतहटबाट टोली खटिएर तत्काल उद्धार कार्य गरिएको थियो। बस चालक चन्द्रपुर नगरपालिका-८ निवासी २४ वर्षीय रिजवान खानलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

प्रहरीले घाइते सबैको अवस्था खतरामुक्त रहेको जनाएको छ। दुर्घटनाग्रस्त बस घटनास्थलमै रहेको र जिल्ला प्रहरी कार्यालयमा ल्याउने तयारी भइरहेको छ।

दुर्घटनाका कारण सडक अवरुद्ध भने नभएको र अन्य यात्रुहरू आ-आफ्नो गन्तव्यतर्फ प्रस्थान गरिसकेको प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको छ।

# श्रोत नखुलेको रकमसहित एक पक्राउ

टुडे समाचारदाता

लहान । सिरहा प्रहरीले स्रोत नखुलेको १४ लाख रुपैयाँसहित एक युवकलाई पक्राउ गरेका छन्।

जिल्ला प्रहरी कार्यालय सिरहाले शुक्रबार दिउँसो सवारी चेकजाँचको क्रममा बरियारपट्टी गाउँपालिका-३ स्थित शिवनगरका २१ वर्षीय संजित कुमार यादवलाई पक्राउ गरेको हो।

बरियारपट्टी हुँदै औरहीतर्फ आइरहेको मोटरसाइकललाई शंका लागेर चेकजाँच गर्दा उनको साथबाट एक हजार दरका १४ सय नोट बरामद गरिएको जिप्रका सिरहाले जानकारी दिएका छन्।




प्रहरीले बरामद रकमको स्रोत पत्ता लगाउन अनुसन्धान सुरु गरिसकेको छ भने पक्राउ परेका यादवलाई आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको बताइएको छ।

# रुंगटाको मतदातासँग भेटघाट

टुडे समाचारदाता

वीरगञ्ज । पर्सा-१ का प्रतिनिधि सभा उम्मेदवार अनिल कुमार रुंगटाले रामटोल-७ का स्थानीय मतदातासँग प्रत्यक्ष संवाद गर्दै विकास र सुशासनलाई आफ्नो मुख्य प्राथमिकता हुने प्रतिबद्धता व्यक्त गरेका छन्।

चुनावी प्रचार प्रसारको क्रममा आयोजित घरदैलो भेटघाट कार्यक्रममा बोल्दै उनले शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना तथा पूर्वाधार विकासलाई योजनाबद्ध रूपमा अघि बढाउने स्पष्ट कार्यदिशा प्रस्तुत गरे। "जनताको सहभागिता बिना दिगो विकास सम्भव छैन," उनले भने, "हामी स्थानीय आवश्यकता पहिचान गरेर योजनाहरू कार्यान्वयन गर्नेछौं।" रुंगटाले क्षेत्रको सडक, खानेपानी, ढल निकास, विद्यालयको स्तरोन्नति र स्वास्थ्य सेवाको पहुँच विस्तारलाई विशेष ध्यान दिने बताए। युवाहरूका लागि सीपमूलक तालिम र रोजगारीका अवसर सिर्जना गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने योजना पनि उनले सार्वजनिक गरे।

उनले नेपाली कांग्रेस नेतृत्वमा सुरु भएको सकारात्मक परिवर्तनको यात्रालाई निरन्तरता दिने दाबी गर्दै विकास र पारदर्शितामा सम्झौता नगर्ने प्रतिवद्धता दोहोऱ्याए। स्थानीय बासिन्दाले आफ्ना समस्या र सुझाव राख्दै विकास योजनामा प्रभावकारी कार्यान्वयनको अपेक्षा व्यक्त गरेका थिए।

फरार कैदीबन्दीको खोजीमा सहयोग गरौं।

- जेन-जीआन्दोलनकाक्रममाविभिन्नकारागारबाट फरार भएका कैदीबन्दीको खोजी कार्य भइरहेको छ।
- फरारकैदीबन्दीकोनामावलीकारागारव्यवस्थापन विभागले वेबसाइटमा सार्वजनिक गरेको छ।
- सरकारले फरार कैदीबन्दी खोजी तथा पक्राउ कार्यलाई अभियानकै रुपमा सञ्चालन गरेको छ।
- फरार कैदीबन्दीको खोजतलास कार्यमा सहयोग पुऱ्याउनु सबै नागरिकको कर्तव्य हो।
- सरकारले फरार भएका कैदीबन्दीबारे सूचना भए नजिकको सुरक्षा निकायमा उपलब्ध गराई दिन अनुरोध गरेको छ।

फरार कैदीबन्दीको खोजीमा सहयोग गरौं,
सरकारलाई शान्ति सुरक्षा कायम गर्न सघाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८